# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

# Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




**दमक नगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दमक, झापा, प्रदेश नं. १, नेपाल

२०७९

# मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० – २०८१/८२)

**प्रकाशक** : **दमक नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग:** JOINT SDG FUND, UNCDF, UN WOMEN, UNDP

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project

**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय

दमक, झापा, प्रदेश नं. १, नेपाल

फोन नं.: ०२३–५८०१३७

ईमेल: info@damakmun.gov.np

"हरित नगर, समृद्ध दमक"

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक-झापा

१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं.

## मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐनसमेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै दमक नगरपालिकाले पनि यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ। मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक योजनासँग जोडी नगर विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई नगरपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले यस नगरपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ नगरपालिकाको वित्त व्यवस्थापनलाई डोहोऱ्याउने अपेक्षा गरेको छु।

नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा विकास, सुशासन र संवृद्धिको आकांक्षा पुरा गर्ने परिकल्पना गरेको छ । यसका लागि सन्तुलित, समावेशी र न्यायोचित विकास मार्फत उच्च आर्थिक सामाजिक रुपान्तरण गर्नु आवश्यक छ। स्थानीय सरकारसंग भएका तथ्यांकको आधारमा अल्पकालिन वा दीर्घकालिन योजना तर्जुमा र त्यसको समय सापेक्ष अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्नु स्थानीय सरकारको दायित्व हो । यस परिप्रेक्ष्यमा मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउने एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु । यस खर्च संरचनाले नगरपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, दातृ संस्था तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.................................

नगर प्रमुख

राम कुमार थापा
नगर प्रमुख
दमक नगरपालिका

"हरित नगर, समृद्ध दमक"

**दमक नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं.

दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमक-झापा १ नं. प्रदेश, नेपाल २०७२

## प्राक्कथन

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त नगरपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

यस नगरपालिकाले सबै सरोकारवालाहरुको सहयोगमा आ.व. २०७७/७८ मा नगर बृहत् योजना तयार पारी कार्यान्वयनको चरणमा रहेको छ । अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्य सहितको यस योजनालाई वार्षिक योजनासँग जोड्ने सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट सहयोग पुग्ने ठानेको छु । साथै यस नगरपालिकामार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु ।

अन्तमा, दमक नगरपालिकाको यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने दातृसंस्था संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम लगायतका राष्ट्र सङ्घीय निकायहरू, प्राविधिक सहयोग प्रदान गर्ने एसडिआइसि एवम् सम्बन्धित विज्ञहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

**शशि राई**
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**परिच्छेद एक : परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ १

१.३ दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचना ........ २

१.४ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ ४

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ ४

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ ५

**परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना ........ ८**

२.१ पृष्ठभूमि ........ ८

२.२ चुनौति तथा अवसर ........ ८

२.३ सोँच, उद्देश्य तथा रणनीति ........ ८

२.४ मध्यमकालीन आर्थिक खाका ........ १०

२.५ मध्यमकालीन नतिजा खाका ........ ११

२.६ मध्यमकालीन बजेट खाका ........ १२

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १३

२.८ विषय क्षेत्रगत बाँडफाँट ........ १५

**परिच्छेद तीन : आर्थिक क्षेत्र ........ १७**

३.१ कृषि तथा खाद्य सुरक्षा ........ १७

३.१.१ पृष्ठभूमि ........ १७

३.१.२ समस्या तथा चूनौती ........ १७

३.१.३ सोँच ........ १७

३.१.४ उद्देश्य ........ १७

३.१.५ रणनीति ........ १७

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १८

३.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १८

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ १८

३.१.९ जोखिम तथा अनुमान ........ १८

३.२ सिंचाई ........ १९

३.२.१ पृष्ठभूमि ........ १९

३.२.२ समस्या तथा चुनौति ........ १९

३.२.३ सोच ........ १९

३.२.४ उद्देश्य ........ १९

३.२.५ रणनीति ........ १९

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १९

३.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २०

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २०

३.२.९ जोखिम तथा अनुमान ........ २०

३.३ पशु विकास ........ २०

३.३.१ पृष्ठभूमि ........ २०

३.३.२ समस्या तथा चूनौति ........ २०

३.३.३ सोच ........ २०

३.३.४ उद्देश्य ........ २१

३.३.५ रणनीति ........ २१

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २१

३.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २१

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २१

३.३.९ जोखिम तथा अनुमान ........ २२

३.४ उद्योग तथा व्यापार ........ २२

३.४.१ पृष्ठभूमि ........ २२
३.४.२ समस्या तथा चूनौति ........ २२
३.४.३ सोँच ........ २२
३.४.४ उद्देश्य ........ २२
३.४.५ रणनीति ........ २३
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २३
३.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २३
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २३
३.४.९ जोखिम तथा अनुमान ........ २४
३.५ पर्यटन विकास ........ २४
३.५.१ पृष्ठभूमि ........ २४
३.५.२ समस्या तथा चूनौति ........ २४
३.५.३ सोच ........ २४
३.५.४ उद्देश्य ........ २४
३.५.५ रणनीति ........ २५
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २५
३.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २५
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २५
३.५.९ जोखिम तथा अनुमान ........ २६
३.६ भूमि ब्यबस्था, बैंक, वित्त तथा सहकारी ........ २६
३.६.१ पृष्ठभूमि ........ २६
३.६.२ समस्या तथा चूनौति ........ २६
३.६.३ सोच ........ २६
३.६.४ उद्देश्य ........ २६
३.६.५ रणनीति ........ २६
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २६
३.६.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २७
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २७
३.६.९ जोखिम तथा अनुमान ........ २७
३.७ श्रम तथा रोजगारी ........ २७
३.७.१ पृष्ठभूमि ........ २७
३.७.२ समस्या तथा चनौति ........ २७
३.७.३ सोच ........ २८
३.७.४ उद्देश्य ........ २८
३.७.५ रणनीति ........ २८
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २८
३.७.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २८
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २८
३.७.९ जोखिम तथा अनुमान ........ २९
३.८ गरिबी निवारण ........ २९
३.८.१ पृष्ठभूमि ........ २९
३.८.२ समस्या र चूनौती ........ २९
३.८.३ सोँच ........ २९
३.८.४ उद्देस्य ........ २९
३.८.५ रणनीति ........ २९
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २९
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३०
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३०
३.८.९ जोखिम तथा अनुमान ........ ३०
**परिच्छेद चार : सामाजिक क्षेत्र ........ ३१**

४.१ शिक्षा, विज्ञान तथा प्रविधि ....... ३१
४.१.१ पृष्ठभूमि ....... ३१
४.१.२ समस्या तथा चूनौति ....... ३१
४.१.३ सोँच ....... ३१
४.१.४ उद्देश्य ....... ३१
४.१.५ रणनीति ....... ३२
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ३२
४.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ३३
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ३३
४.१.९ जोखिम तथा अनुमान ....... ३४
४.२ स्वास्थ्य तथा पोषण ....... ३४
४.२.१ पृष्ठभूमि ....... ३४
४.२.२ समस्या तथा चूनौति ....... ३४
४.२.४ उद्देश्य ....... ३५
४.२.५ रणनीति ....... ३५
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ३५
४.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ३६
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ३६
४.२.९ जोखिम तथा अनुमान ....... ३७
४.३ खानेपानी तथा सरसरफाई ....... ३७
४.३.१ पृष्ठभूमि ....... ३७
४.३.२ समस्या तथा चूनौति ....... ३७
४.३.३ सोच ....... ३७
४.३.४ उद्देश्य ....... ३८
४.३.५ रणनीति ....... ३८
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ३८
४.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ३८
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ३८
४.३.९ जोखिम तथा अनुमान ....... ३९
४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ....... ३९
४.४.१ पृष्ठभूमि ....... ३९
४.४.२ समस्या तथा चूनौति ....... ३९
४.४.३ सोच ....... ३९
४.४.४ उद्देश्य ....... ३९
४.४.५ रणनीति ....... ३९
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ४०
४.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ४०
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ४०
४.४.९ जोखिम तथा अनुमान ....... ४१
४.५ युवा तथा खेलकुद ....... ४१
४.५.१ पृष्ठभूमि ....... ४१
४.५.२ समस्या तथा चूनौति ....... ४१
४.५.३ सोच ....... ४१
४.५.४ उद्देश्य ....... ४१
४.५.५ रणनीति ....... ४२
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ४२
४.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ४२
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ४२
४.५.९ जोखिम तथा अनुमान ....... ४२
**परिच्छेद पाँच : पूर्वाधार क्षेत्र** ....... ४३

५.१ आवास, भवन तथा शहरी विकास ............ ४३
५.१.१ पृष्ठभूमि ............ ४३
५.१.२ समस्या तथा चूनौति ............ ४३
५.१.३ सोँच ............ ४३
५.१.४ उद्देश्य ............ ४३
५.१.५ रणनीति ............ ४४
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ ४४
५.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ ४४
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ ४५
५.१.९ जोखिम तथा अनुमान ............ ४५
५.२ सडक, पुल तथा यातायात ............ ४५
५.२.१ पृष्ठभूमि ............ ४५
५.२.२ समस्या तथा चूनौति ............ ४६
५.२.३ सोँच ............ ४६
५.२.४ उद्देश्य ............ ४६
५.२.५ रणनीति ............ ४६
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ ४७
५.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ ४७
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ ४७
५.२.९ जोखिम तथा अनुमान ............ ४८
५.३ जलस्रोत, विद्युत तथा उर्जा ............ ४८
५.३.१ पृष्ठभूमि ............ ४८
५.३.२ समस्या तथा चूनौति ............ ४८
५.३.३ सोच ............ ४८
५.३.४ उद्देश्य ............ ४८
५.३.५ रणनीति ............ ४९
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ ४९
५.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ ४९
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ ४९
६.३.९ जोखिम तथा अनुमान ............ ४९
५.४ सूचना तथा सञ्चार ............ ५०
५.४.१ पृष्ठभूमि ............ ५०
५.४.२ समस्या तथा चूनौती ............ ५०
५.४.३ सोच ............ ५०
५.४.४ उद्देश्य ............ ५०
५.४.५ रणनीति ............ ५०
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ ५०
५.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ ५१
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ ५१
५.४.९ जोखिम तथा अनुमान ............ ५१
**परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन ............ ५२**
६.१ वन, वातावरण तथा जैविक विविधता ............ ५२
६.१.१ पृष्ठभूमि ............ ५२
६.१.२ समस्या तथा चूनौति ............ ५२
६.१.३ सोँच ............ ५३
६.१.४ उद्देश्य ............ ५३
६.१.५ रणनीति ............ ५३
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ ५३
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ ५३
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ ५३

६.१.९ जोखिम तथा अनुमान ........ ५४
६.२ फोहोरमैला व्यवस्थापन ........ ५४
६.२.१ पृष्ठभूमि ........ ५४
६.२.२ समस्या तथा चुनौति ........ ५४
६.२.३ सोँच ........ ५४
६.२.४ उद्देश्य ........ ५४
६.२.५ रणनीति ........ ५४
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५५
६.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५५
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५५
६.२.९ जोखिम तथा अनुमान ........ ५५
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ५५
६.३.१ पृष्ठभूमि ........ ५५
६.३.२ समस्या तथा चूनौति ........ ५६
६.३.३ सोँच ........ ५६
६.३.४ उद्देश्य ........ ५६
६.३.५ रणनीति ........ ५६
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५७
६.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५७
६.३.९ जोखिम तथा अनुमान ........ ५७
**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ५८**
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ५८
७.१.१ पृष्ठभूमि ........ ५८
७.१.२ समस्या तथा चूनौति ........ ५८
७.१.३ सोँच ........ ५८
७.१.४ उद्देश्य ........ ५८
७.१.५ रणनीति ........ ५८
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५८
७.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५९
७.१.९ जोखिम तथा अनुमान ........ ५९
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ५९
७.२.१ पृष्ठभूमि ........ ५९
७.२.३ सोँच ........ ६०
७.२.४ उद्देश्य ........ ६०
७.२.५ रणनीति ........ ६०
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६०
७.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६०
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६०
७.२.९ जोखिम तथा अनुमान ........ ६०
७.३ राजस्व तथा स्रोत परिचालन ........ ६१
७.३.१ पृष्ठभूमि ........ ६१
७.३.२ समस्या तथा चूनौति ........ ६१
७.३.३ सोच ........ ६१
७.३.४ उद्देश्य ........ ६१
७.३.५ रणनीति ........ ६१
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६१
७.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६१
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६२

७.३.९ जोखिम तथा अनुमान ........ ६२
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ६२
७.४.१ पृष्ठभूमि ........ ६२
७.४.२ समस्या तथा चूनौति ........ ६२
७.४.३ सोँच ........ ६२
७.४.४ उद्देश्य ........ ६२
७.४.५ रणनीति ........ ६२
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६३
७.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६३
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६३
७.४.९ जोखिम तथा अनुमान ........ ६३
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ........ ६४
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ........ ६५
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण ........ ७२

# तालिका सूची


तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)........................ ११

तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ११

तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) .................................... १३

तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ..................१४

तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ..............१४

तालिका २.६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ...........१४

तालिका २.७ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण...........१५

तालिका २.८ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण ...........................१५

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यसले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यसै सन्दर्भमा दमक नगरपालिकाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तर्जुमा गरेको छ । यस खर्च संरचना तर्जुमा कार्यमा नगर कार्यपालिकाको कार्यालय, विषयगत समितिहरु, कार्यदल, विषयगत शाखा र वडा समितिका पदाधिकारी तथा कर्मचारीहरुको संलग्नता रहेको छ । खर्च संरचना तर्जुमा गर्दा नगरपालिकाको बृहत योजना, नगरपालिकामा उपलब्ध अन्य सूचना एबम् तथ्यांक र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रममा समावेश भएका तथ्यांक एबम् सूचनालाई आधार मानिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ । यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचना

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राव्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोँच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकास लगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च

संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

दिगो विकासको लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव नहुने भएकोले यसमा सरकारी, निजी, सहकारी र विकास साझेदारबीचमा साझेदारी हुन जरुरी हुन्छ । यही सोँच अनुरुप स्थानीय तहको

योजना तर्जुमा तथा आयोजना पहिचान र प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई ध्यान दिने अभ्यास शुरु भएको छ र यस दमक नगरपालिकाले पनि नगरको बृहत् योजना तर्जुमा गर्ने क्रममा बेरोजगारी प्रतिशतलाई दिगो विकास लक्ष्यको सूचक अनुसार आ.व. २०८३/८४ मा १५.९ प्रतिशत र सन् २०३० को लक्ष्य बमोजिम १० प्रतिशतमा झार्ने गरी लक्ष्य निर्धारण गरेको छ। प्रदेश नं. १ को प्रथम आवधिक योजना बमोजिम योजना अवधिको अन्त्यमा (आ.व. २०८०/८१) प्रति व्यक्ति औसत आय अमेरिकी डलरमा १,६२० कायम गरिएकोले नगरपालिकाले सो अगावै २०७८/७९ मा प्रति व्यक्ति औसत आय अमेरिकी डलरमा १,६२० हुने गरी प्रक्षेपण गरेको र तत्पश्चात दिगो विकास लक्ष्य हासिल हुने गरी प्रक्षेपण गरिएको छ। यस नगरपालिकामा उत्पादनशील उद्योग, निर्माण क्षेत्र, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरु रहेका छन्। तसर्थ नगरपालिकाले मध्यमकालीन खर्च संरचना तर्जुमा र वार्षिक बजेट तर्जुमा गर्दा पनि यी क्षेत्रमा यस अघिका लक्ष्य प्राप्तिको समीक्षाका साथै दिगो विकासका बढी भन्दा बढी सूचकहरु हासिल गर्ने गरी कार्यक्रमहरु लागू गर्दै जानु वाञ्छनीय हुन्छ।

## १.४ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचना दमक नगरपालिकाको पहिलो प्रयास हो। यस मध्यमकालीन खर्च संरचनाबाट नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले नगरपालिकाको दीर्घकालीन सोँच **'औद्योगिक, पर्यटकीय र हरित नगरः स्वच्छ, सुरक्षित, र समृद्ध दमक'** र नगर बृहत् योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट नगरपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, नगर बृहत् योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति, नगर बृहत् योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्नु।

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(घ) नगरपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(ङ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको

कार्यान्वयन तथा नगर बृहत् योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गाचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- प्रदेश नं. १ को पहिलो आवधिक योजना
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/७९)
- नगर बृहत् योजना २०७७
- अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- स्थिति पत्र (प्रोफाईल)

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) "स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)", (२) "स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९" र (३) "स्थानीयतहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९" लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन तर्जुमा गरिएको छ :

**चरण - १: तयारी चरण**

***प्रक्रिया १: प्राविधिक सहयोगका लागि परामर्शदाता परिचालन***

नगरपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्यहरुको स्पष्ट खाका सहित परामर्शदातालाई परिचालन गरियो ।

***प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा***

परामर्शदाताद्वारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको विनियोजन ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्धौं राष्ट्रिय योजना, प्रदेश १ को पहिलो आवधिक योजना
- नगरपालिकाको नगर बृहत योजना
- नेपाल सरकारद्वारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- दमक नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन ।

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण - २: लेखाजोखा चरण**

***प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक बैठकको आयोजना***

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०७९ जेठ १९ गते नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित शाखा प्रमुखहरु सम्मिलित प्रारम्भिक छलफलको आयोजना गरियो । छलफलमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया, औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही दिन मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्ययोजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत छ ।

***प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना***

यस अन्तरगत नगरपालिकाको चालु नगर बृहत योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/शाखाबीच परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान तयार भएका आयोजना तथा कार्यक्रमको विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी र बाँकी उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

***प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण***

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई विगतको यथार्थ आम्दानी र सम्भावनाका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित नगरपालिकाका चालु तथा बहुवर्षीय आयोजना र नगर बृहत् योजना, विषय क्षेत्रगत रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारित बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण - ३: तयारी चरण**

***प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा***

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखाहरुको वैठक र छलफल आयोजना गरियो । विषयगत शाखाको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र नगर बृहत योजनाको प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गर्ने कार्य समपन्न गरियो ।

***प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी***

उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको आयोजना गरी भएको छलफलको निश्कर्षको आधारमा तयार गरियो । यस प्रकृयाबाट विषय उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार पार्ने सम्पन्न गरियो ।

***प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिको छलफलका आधारमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसका लागि नगर बृहत् योजना, विषयगत लक्ष्यहरु तथा विगत वर्षहरु र चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रमको समीक्षा र उपलब्ध स्रोत साधन र संभावनाहरुका आधारमा समष्टीगत मध्यमकालीन वित्तीय खाका तर्जुमा गरिएको थियो । त्यसैगरी विषयगत समितिहरुबाट प्राप्त विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको आधारमा मध्यमकालीन बजेट खाका र मध्यमकालीन नतिजा खाका सहित मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरिएको थियो । यी सबै काम गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) लाई आधारको रुपमा लिइएको थियो ।

***प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला***

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदाका मुख्य पक्षहरु उपर कार्यपालिका बैठकमा प्रस्तुति गरी प्राप्त राय सुझावका आधारमा आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको सूची र विस्तृत विवरण परिमार्जन गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिकरण लगायतलाई पनि आवश्यकता अनुसार परिमार्जन गरिएको थियो ।

***प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी***

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशालाबाट प्राप्त सुझावहरु समेटी मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्ताबेजलाई अन्तिम रुप दिइएको थियो ।

***प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति गरियो र अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात भएको हो । आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार यस नगरपालिकाले तय गरेको दीर्घकालिन सौँच सहितको नगर बृहत् योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

आर्थिक वर्षका (२०७९/८०-२०८१/८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनामा नगरपालिकाको बृहत योजनाको सौँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् नेपाल सरकार तथा प्रदेश सरकार र नगरपालिकाको प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । नगरपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चूनौति तथा अवसर

यस नगरपालिकाको नगर बृहत् योजनाले लिएको उद्देश्य हासिल गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने कार्य प्रमुख चूनौतिको रुपमा रहेको छ । स्थानीय सरकारको रुपमा नगरपालिकाको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु समेत चूनौतिपूर्ण छ । नगरपालिकाको बृहत् योजनाको लक्ष्य अनुसार दमकलाई सुदुर पूर्वको पर्यटकीय गन्तब्य बनाउन शहरीकरणलाई व्यवस्थित बनाउने कार्य पनि चूनौतिको रुपमा रहेका छ ।

स्थानीय सरकारका रुपमा नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि जस्ता अवसरहरु सिर्जना भएका छन् । स्थानीय स्रोत परिचालन गरी नगरपालिकामा उद्यमशीलता विकास, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्ने दिशामा अगाडि बढ्ने समेत अवसर सिर्जना भएको छ ।

## २.३ सौँच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको दीर्घकालीन सौँच र नगर बृहत् योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । नगर विकासको सौँच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । यसमा अन्य क्षेत्रगत लक्ष्यहरुका साथै चालु आर्थिक वर्षको नीति तथा

कार्यक्रम, पन्धौ योजना, एवं संघ, प्रदेश र नगरपालिकाका विषयगत नीतिको समेत उपयोग गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सौँच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१ दीर्घकालीन सौँच

नगरपालिकाको दीर्घकालीन सौँच देहायअनुसार रहेको छ :

**'औद्योगिक, पर्यटकीय र हरित नगरः स्वच्छ, सुरक्षित, र समृद्ध दमक'**

माथि उल्लेखित नगरपालिकाको सौँचले दिगो विकास सहितको स्वच्छ सुरक्षित शहरको छविलाई चित्रित गरेको छ। यसभित्र हरित अर्थतन्त्रको अधिकतम प्रवर्द्धन, उत्थानशील पूर्वाधार सञ्जाल निर्माण तथा विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन्।

### २.३.२ नगर विकासको लक्ष्य

नगरपालिकाको दीर्घकालीन सौँचको आधार योजनाको रुपमा रहेको नगर बृहत् योजनामा माथि उल्लेखित सौँचका सबै क्षेत्र समेटेर तय गरिएको नगर विकासको लक्ष्य देहायअनुसार रहेका छन् :

***औद्योगिक नगर***

- स्थानीय उत्पादनमा आधारित उद्योगको विकास गरी व्यावसायिक गतिविधिको विकास र विस्तार गर्ने।
- राष्ट्रिय सडकसँगको आवद्धता तथा नेपाल र भारतका व्यापारिक शहरको प्रवेश बिन्दुले दिने व्यवसायिक लाभको उच्चतम उपयोग गर्ने।
- औद्योगिक पार्क लगायत सम्बन्धित पूर्वाधार विकास र विस्तार गर्ने।
- नयाँ उद्योग स्थापना र सञ्चालन मार्फत् आय र रोजगारी प्रवर्द्धन गर्ने।

***पर्यटकीय नगर***

- सुव्यवस्थित यातायात सञ्जालमार्फत् सूदुर पूर्वको पर्यटन हवको रुपमा विकास गर्ने।
- प्राकृतिक सम्पदा र मानव सिर्जित आकर्षक गन्तव्य सहितको पर्यटकीय केन्द्र बनाउने।
- उद्योग र वाणिज्य क्षेत्रको विकासमा आधारित औद्योगिक र व्यवसायिक पर्यटन विकास गर्ने।

***हरित र स्वच्छ नगर***

- सरसफाईका पूर्वाधार सहित हरित पार्क, उद्यान, खुला क्षेत्र, सडक र नदी किनारसहितको हरित नगरको रुपमा विकास गर्ने।
- सीमित जग्गाको उत्पादनशील उपयोगमार्फत् हरित क्षेत्र विस्तारित गर्ने।
- वैज्ञानिक भू-उपयोगमार्फत् निर्धारित र व्यवस्थित बस्ती तथा हरित क्षेत्र बनाउने।

***सुरक्षित दमक***

- जोखिम बस्ती निर्धारण र व्यवस्थापन तथा नदी नियन्त्रण तथा करिडोर व्यवस्थापनमार्फत् विपद् जोखिम न्यूनिकरण गर्ने।
- शान्ति सुरक्षाको प्रत्याभूतियुक्त सुरक्षित दमक बनाउने।
- सबै नगरवासीको भौतिक, व्यवसायिक र सामाजिक सुरक्षा गर्ने।

***समृद्ध दमक***

- स्वस्थ, शिक्षित र कर्मशील नागरिक मार्फत उद्यमशीलता, स्वरोजगारी र आत्मनिर्भरता बढाउने।
- सबै नगरवासीमा समान अवसर र न्यायसहित मर्यादित जीवनयापनको सुनिश्चितता गर्ने
- सार्वजनिक सेवाका पूर्वाधारको उपलब्धता, गुणस्तरीयता र पहुँच अभिबृद्धि गर्ने।
- सुशासन र सामाजिक जवाफदेहिता अभिबृद्धि गर्ने।

### २.३.३ नगर विकासको उद्देश्य

१. आर्थिक अवसरहरुलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिलाई तीव्रता दिनु ।

२. शहरी भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा शहरबासीको सहज पहुँच स्थापित गर्नु ।

३. शहरको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी दमकलाई सुदुर पूर्वको उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु ।

४. शहरको समग्र विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण र सक्षम एवम् उत्प्रेरित मानव संसाधनमार्फत शहरी सुशासन प्रत्याभूती गर्नु ।

५. नगर क्षेत्रको सन्तुलित तथा समन्यायिक विकास गर्नु ।

### २.३.४ नगर विकासको रणनीति

नगरपालिकाको विकासको सोँच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन् :

१. साँस्कृतिक, औद्योगिक र व्यावसायिक पर्यटनका लागि उपयोगी पूर्वाधार तयार गर्ने ।

२. पर्यापर्यटन र ग्रामीण पर्यटनको विस्तार र पर्यटन क्षेत्रको विविधिकरण गर्ने ।

३. दमकलाई क्षेत्रीय औद्योगिक र व्यावसायिक केन्द्र बनाउने गरी पूर्वाधार तयारीका साथै स्थानीय कच्चापदार्थ र औद्योगिक उत्पादन प्रवर्द्धन गर्ने ।

४. परम्परागत सामग्री उत्पादनमा आधुनिक सीप तथा प्रविधिको उपयोग गरी स्थानीय उत्पादनको संरक्षण र प्रबर्द्धन गर्ने ।

५. कृषि उत्पादन बढाउन आधुनिक उत्पादन अभ्यास र प्रविधिको उच्चतम उपयोग गर्ने ।

६. स्थानीय आर्थिक विकासको सहजकर्ताका रुपमा सहकारी क्षेत्रको विकास र सुदृढिकरण गर्ने ।

७. आन्तरिक राजश्व र आर्थिक विकासमा योगदान पुग्ने गरी आर्थिक सम्भाव्य पूर्वाधारको विकास गर्ने ।

८. आर्थिक विकासका गतिविधिहरूलाई एकीकृत र ब्यवस्थित बनाउने गरी संस्थागत क्षमता विकास गर्ने

९. नगरपालिकाका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको समुचित सहभागिता सुनिश्चित गर्ने ।

१०. बाल विकास र सामुदायिक विद्यालय प्रतिको अभिभावकको आकर्षण वृद्धि गर्न भयरहित र प्रभावकारी शिक्षण सिकाई वातावरणका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने ।

११. नगरबासीलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्य सेवाका पूर्वाधार सुधार र सेवा विस्तार गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

यस नगरपालिकाको विकासको सोँच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य* (प्रचलित मूल्यमा)

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ सम्मको संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. | वार्षिक उत्पादन | रु. लाखमा | ५७७५० | ५९४८३ | ६०८०० | ६३८२० | ६६८५० |
| १.१ | कृषि | रु. लाखमा | ७५० | ७७३ | ८०० | ८२० | ८५० |
| १.२ | गैह्र कृषि (उद्योग र सेवा) | रु. लाखमा | ५७००० | ५८७१० | ६०००० | ६३००० | ६६००० |
| २. | औषत पारिवारिक आय | रु. लाखमा | ९.७२ | १०.०० | १०.२१ | १०.६८ | ११.२५ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | ९५०० | ९९७५ | १०००० | १०५०० | ११००० |
| ४. | अनौपचारिक क्षेत्रमा रोजगारी सृजना | कार्यदिन | १५००० | १५७५० | १६००० | १८००० | २०००० |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८७ | ८७ | ८८ | ९० | ९२ |
| ६. | प्रतिव्यक्ति वार्षिक औसत आय | अमेरिकी डलरमा | १६२० | १६५२ | १७०१ | १७८० | १८७५ |

*स्रोत: नगर बृहत् योजना तथा विषयगत शाखाको विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

पन्धौ योजना, प्रदेश नं १ को प्रथम आवधिक योजना तथा नगरपालिकाको नगर बृहत् योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाकामा विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य नगर बृहत् योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएकोछ।

*तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ को अवस्था | २०७८/७९ सम्म को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | कृषि क्षेत्रमा रोजगारी | संख्या | १०५० | १०७८ | ११०० | ११५० | १२०० |
| २ | कृषि क्षेत्रबाट हुने आम्दानीमा वृद्धि | रु.हजारमा | ७५००० | ७७३०० | ८०००० | ८२००० | ८५००० |
| ३ | व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ५५० | ५६० | ५८० | ६०० | ६५० |
| ४ | व्यवसायिक फर्मको संख्या | संख्या | १२४ | १३२ | १३५ | १५० | १६५ |
| ५ | १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर | प्रतिशत | ८३ | ८३ | ८४ | ८५ | ८६ |
| ६ | प्रारम्भिक बाल विकासको खुद भर्नादर | प्रतिशत | ९८ | ९८ | ९८.३ | ९८.५ | ९८.७ |
| ७ | प्राथमिक तह (१ देखि ५) खुद भर्नादर | प्रतिशत | ९२ | ९२ | ९३ | ९५ | ९६ |
| ८ | आधारभुत (१ देखि ८) तहको खुद भर्नादर | प्रतिशत | ८५ | ८५ | ८६ | ८७ | ८८ |
| ९ | माध्यमिक तहको खुद भर्नादर | प्रतिशत | ६० | ६० | ६३ | ६६ | ६९ |
| १० | शिशु मृत्यु संख्या (वार्षिक) | प्रति हजार | २१ | २० | १५ | १२ | १० |
| ११ | सुत्केरी मृत्यु संख्या (वार्षिक) | प्रति लाख | २३९ | २२० | २०० | १५० | १०० |
| १२ | दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण | संख्या | ० | १ | १ | १ | १ |
| १३ | विद्युतीय प्रणालीमा आधारित एकीकृत भवन स्वीकृति प्रणाली (Integrated Building Permit System) कार्यान्वयन प्रगति | प्रतिशत | ५० | ६० | ८० | ९० | १०० |
| १४ | घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचना | प्रतिशत | १०० | ९० | ८० | ६० | ४० |
| १५ | भवन अनुमति नभएको भवन र संरचना स्वीकृति प्रणालीको दायरामा आएका घर | प्रतिशत | ७५ | ७५ | ८० | ८० | ८५ |

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ को अवस्था | २०७८/७९ सम्म को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | (कच्ची घर समेत) | | | | | | |
| १६ | सडक सञ्जालमा जोडिएका घरधुरी | प्रतिशत | ९५ | ९५ | ९६ | ९७ | ९८ |
| १७ | दिगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार | प्रतिशत | ३५ | ३६ | ४१ | ४७ | ५३ |
| १८ | विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ९९ | ९९ | १०० | १०० | १०० |
| १९ | पार्क तथा उद्यान | संख्या | ४ | ४ | ४ | ५ | ६ |
| २० | इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| २१ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| २४ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | ८० | ८० | ९० | १०० | १०० |

*स्रोतः नगर बृहत् योजना र वस्तुगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा नगर बृहत योजनाको सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। नगरपालिकाको प्रथम प्रयासको रुपमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ।

चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा निर्धारण गरी सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ।

आर्थिक वर्ष २०७९/८० को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको बृहत योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा नगरपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश

सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ४ अर्ब ६५ करोड ६० लाख ९० हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. १ अर्ब १५ करोड ८५ लाख, राजश्व बाँडफाँटबाट ८५ करोड १५ लाख ३४ हजार, नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. २ अर्ब ३८ करोड ७२ लाख २१ हजार र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. १६ करोड ३८ लाख ३५ हजार व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

*तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)*

| बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| **राजस्व तथा अनुदान** | १२३२०३० | १३९१६९८ | १४००८६१ | १५५०५८५ | १७०४६४४ | ४६५६०९० |
| **आन्तरिक आय** | २२०५७० | ३६२३६० | ३५०००० | ३८५००० | ४२३५०० | ११५८५०० |
| **राजस्व बाँडफाँडबाट प्राप्त आय** | २२५६३० | २७०६५३ | २५७२६१ | २८२९८७ | ३११२८६ | ८५१५३४ |
| नेपाल सरकार | १०५२९४ | १०५०५४ | १२७२६१ | १३९९८७ | १५३९८६ | ४२१२३४ |
| प्रदेश सरकार | १२०३३६ | १६५५९९ | १३०००० | १४३००० | १५७३०० | ४३०३०० |
| **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ० | | ० | ० | ० |
| वन रोयल्टी | | | | ० | ० | ० |
| खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| विद्युत रोयल्टी | ० | ० | | ० | ० | ० |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ७३७८६२ | ७०१७०० | ७१५१०० | ७९६२४८ | ८७५८७३ | २३८७२२१ |
| वित्तीय समानीकरण अनुदान | १८७७०० | २०७४०० | २१९२०० | २४११२० | २६५२३२ | ७२५५५२ |
| सशर्त अनुदान | ५००४५८ | ४७७७०० | ४८१९०० | ५३९७२८ | ५९३७०१ | १६१५३२९ |
| समपुरक अनुदान | ३४७२६ | ० | ४००० | ४४०० | ४८४० | १३२४० |
| विशेष अनुदान | १४९७८ | १६६०० | १०००० | ११००० | १२१०० | ३३१०० |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ३८८९० | ३२९८५ | ४८५०० | ५४३५० | ६०९८५ | १६३८३५ |
| वित्तीय समानीकरण अनुदान | ८२६१ | १२३३५ | ८५०० | ९३५० | १०२८५ | २८१३५ |
| सशर्त अनुदान | २२९४४ | १०६५० | ३०००० | ३३००० | ३६३०० | ९९३०० |
| समपुरक अनुदान | ७६८५ | १०००० | १०००० | १२००० | १४४०० | ३६४०० |
| विशेष अनुदान | | | | | | ० |
| **अन्य अनुदान** | ० | | | | | ० |
| **जनसहभागिता** | ९०७८ | २४००० | ३०००० | ३२००० | ३३००० | ९५००० |
| **कुल** | ११२३२०० | ९५८३३६ | १४००८६१ | १५५०५८५ | १७०४६४४ | ० |
| चालु खर्च | ५५९१९४ | ४८९७३९ | ७७८०७३ | ८६१२३४ | ९४६८०२ | ० |
| पुँजीगत खर्च | ५६४००६ | ४६८५९७ | ६२२७८८ | ६८९३५१ | ७५७८४२ | ० |
| **बचत (+ वा -)** | १०८८३० | ४३३३६२ | ० | ० | ० | ४६५६०९० |
| नगद मौज्दात | | | | | | |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

*तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८१२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २८ | ९०५५६६ | ६५ | १०१४७०६ | ६५ | १००७७०४ | ५९ |
| प्राथमिकता दोश्रो (P2) | १६ | ४९५२९५ | ३५ | ५३५८७८ | ३५ | ६९६९४० | ४१ |
| **जम्मा** | ४४ | १४००८६१ | १०० | १५५०५८४ | १०० | १७०४६४४ | १०० |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

*तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २ | १६११० | १ | १७८३१ | १ | १९६०३ | १ |
| २ | शुन्य भोकमरी | ६ | १२१०४१ | ९ | ७५२०३ | ५ | ८२६७६ | ५ |
| ३ | स्वस्थ्य जीवन | ५ | २३८१४६ | १७ | २६३५९९ | १७ | २८९७८९ | १७ |
| ४ | गुणस्तरीय शिक्षा | ८ | ४१७०३७ | ३० | ४६१६०९ | ३० | ५०७४७३ | ३० |
| ५ | लैंगिक समानता | ३ | ८८२५ | १ | ९७६९ | १ | १०७३९ | १ |
| ६ | सफा पानी र स्वच्छता | १ | ३५०२ | ० | ३८७६ | ० | ४२६२ | ० |
| ७ | आधुनिक उर्जामा पहुँच | १ | ४२०३ | ० | ४६५२ | ० | ५११४ | ० |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १ | ८४०५ | १ | ९३०४ | १ | १०२२८ | १ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ४ | २७३१६८ | २० | ३०२३६४ | २० | ३३२४०५ | १९ |
| १० | असमानता न्यूनीकरण | १ | १६३९० | १ | १८१४२ | १ | १९९४५ | १ |
| ११ | दिगो शहर र समुदाय | २ | २७९५६ | २ | १००७८८ | ७ | ११०८०२ | ७ |
| १२ | दिगो उपभोग र उत्पादन | २ | १७००४ | १ | ७७५३ | १ | ८५२३ | ० |
| १३ | जलबायु परिवर्तन अनुकुलन | १ | ७००४ | ० | ७७५३ | १ | ८५२३ | ० |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | जमीन माथिको जीवन | ३ | ३४७४२ | २ | ३८४५५ | २ | ४२२७५ | २ |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | २ | १९५४२० | १४ | २१६३०६ | १४ | २३७७९७ | १४ |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | ११९०७ | १ | १३१८० | १ | १४४९० | १ |
| | **जम्मा** | ४४ | १४००८६० | १०० | १५५०५८४ | १०० | १७०४६४४ | १०० |

### ग. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत छ।

*तालिका २.६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ५ | २७७३८ | २ | ३६५५५ | २ | ४०१८७ | २ |
| सहयोगी | २६ | ७९३४२४ | ५७ | ८३४८७३ | ५४ | ९१७८२३ | ५४ |

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| तटस्थ | १३ | ५७९६९९ | ४१ | ६७९१५६ | ४४ | ७४६६३४ | ४४ |
| **जम्मा** | ४४ | १४००८६१ | १०० | १५५०५८४ | १०० | १७०४६४४ | १०० |

### घ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

***तालिका २.७: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| जलवायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | १० | २९४८४० | २१ | ४३१८३८ | २८ | ४७४७४३ | २८ |
| सान्दर्भिक | १७ | ३५५६४४ | २५ | २९२५९५ | १९ | ३२१६६७ | १९ |
| तटस्थ | १७ | ७५०३७७ | ५४ | ८२६१५१ | ५३ | ९०८२३४ | ५३ |
| **जम्मा** | ४४ | १४००८६१ | १०० | १५५०५८४ | १०० | १७०४६४४ | १०० |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ।

***तालिका २.८ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र.स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि | ४९०३० | १६६८५ | ३२३४५ | ५४२७० | ३२५६२ | २१७०८ | ५९६६३ | ३५७९८ | २३८६५ |
| २ | सिंचाई | १४०१ | २८० | ११२१ | १५५१ | ३१० | १२४१ | १७०५ | ३४१ | १३६४ |
| ३ | पशुपंछि विकास | ७००४ | ३५०२ | ३५०२ | ७७५३ | ३८७७ | ३८७७ | ८५२३ | ४२६२ | ४२६२ |
| ४ | उद्योग, व्यापार र आपूर्ती | १०५०६ | ४२०२ | ६३०४ | ११६२९ | ४६५२ | ६९७७ | १२७८५ | ५११४ | ७६७१ |
| ५ | पर्यटन तथा सँस्कृति | ७००४ | ३५०२ | ३५०२ | ७७५३ | ३८७७ | ३८७७ | ८५२३ | ४२६२ | ४२६२ |
| ६ | सहकारी र वित्तीय सेवा | १०५०६ | ८४०५ | २१०१ | ११६२९ | ९३०३ | २३२६ | १२७८५ | १०२२८ | २५५७ |
| ७ | श्रम तथा रोजगार | ८४०५ | ४२०३ | ४२०३ | ९३०४ | ४६५२ | ४६५२ | १०२२८ | ५११४ | ५११४ |
| ८ | गरिबी निवारण | ५६०४ | २८०२ | २८०२ | ६२०२ | ३१०१ | ३१०१ | ६८१८ | ३४०९ | ३४०९ |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | ३९९९४६ | २०५९३३ | १९४०१३ | ४४२६९२ | ३०९८८४ | १३२८०८ | ४८६६७६ | ३४०६७ | ४५२६०९ |
| १० | जनस्वास्थ्य र पोषण | २३८१४६ | १५९७०२ | ७८४४४ | २६३५९९ | १८४५१९ | ७९०८० | २८९७८९ | २०२८५२ | ८६९३७ |
| ११ | खानेपानी र सरसफाई | ३५०२ | ७०० | २८०२ | ३८७६ | ७७५ | ३१०१ | ४२६२ | ८५२ | ३४१० |
| १२ | सामाजिक विकास र महिला तथा बालबालिका | २५२१५ | २१४३३ | ३७८२ | २७९११ | २३७२४ | ४१८७ | ३०६८४ | २६०८१ | ४६०३ |
| १३ | युवा तथा खेलकुद | १७०९१ | १४५२७ | २५६४ | १८९१७ | १६०७९ | २८३८ | २०७९७ | १७६७७ | ३१२० |
| १४ | आवास र शहरी विकास | ९१०५६ | १९९ | ९०८५७ | १००७८८ | २०२० | ९८७६८ | ११०८०२ | २२७० | १०८५३२ |
| १५ | सडक, पुल तथा यातायात | २६६१६४ | १०५६ | २६५१०८ | २९४६११ | २९२ | २९४३१९ | ३२३८८२ | २४७८ | ३२१४०४ |
| १६ | विद्युत र स्वच्छ उर्जा | ४२०३ | ४२० | ३७८३ | ४६५२ | ४६५ | ४१८७ | ५११४ | ५११ | ४६०३ |
| १७ | सूचना र संचार प्रविधि | ७००४ | २८०२ | ४२०२ | ७७५३ | ३१०१ | ४६५२ | ८५२३ | ३४०९ | ५११४ |
| १८ | वन तथा हरियाली प्रवर्द्धन | १४००९ | ७३७ | १३२७२ | १५५०६ | १५५१ | १३९५५ | १७०४६ | १७०५ | १५३४१ |
| १९ | फोहोरमैला व्यवस्थापन | २०७३३ | १०३६७ | १०३६७ | २२९४९ | ११४७५ | ११४७५ | २५२२९ | १२६१५ | १२६१५ |
| २० | विपद् जोखिम व्यवस्थापन | ७००४ | ३५०२ | ३५०२ | ७७५३ | ३८७७ | ३८७७ | ८५२३ | ४२६२ | ४२६२ |
| २१ | नीति, कानून र न्याय | २८०२ | २५२२ | २८० | ३१०१ | २७९१ | ३१० | ३४०९ | ३०६८ | ३४१ |
| २२ | संगठन र सेवा प्रवाह | १९२६१८ | १८२९८७ | ९६३१ | २१३२०५ | २०२५४५ | १०६६० | २३४३८८ | २२२६६९ | ११७१९ |
| २३ | राजस्व र स्रोत परिचालन | १४०१ | ११२१ | २८० | १५५१ | १२४१ | ३१० | १७०५ | १३६४ | ३४१ |
| २४ | तथ्याङ्क र विकास व्यवस्थापन | १०५०६ | ८४०५ | २१०१ | ११६२९ | ९३०३ | २३२६ | १२७८५ | १०२२८ | २५५७ |

| क्र.स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| | **कूल जम्मा** | १४००८६१ | ६५९९९३ | ७४०८६७ | १५५०५८४ | ८३५९७५ | ७१४६०९ | १७०४६४४ | ६१४६३५ | १०९०००९ |

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा खाद्य, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

दमक नगरपालिकामा ७८ प्रतिशत भन्दा धेरै घर परिवार गैह्रकृषि क्षेत्रसँग सम्बन्धित पेशा व्यवसायमा संलग्न रहेका छन् । यो नगर स्वभाविक रुपमा औद्योगिक नगरको रुपमा अघि बढिरहेको छ । नगरका करीव २० प्रतिशत परिवार कृषिमा आवद्ध छन् त्यसमा पनि पूर्णरुपमा कृषिमा नै निर्भर संख्या भने लगभग ६ प्रतिशत मात्र हो । यस सम्बन्धमा कृषिबाट हुने न्यून आम्दानी मुख्य सरोकारको विषय बनेको छ किनकि कृषि क्षेत्रबाट हुने आम्दानी दैनिक ज्यालादारीको भन्दा पनि कम रहेको पाईन्छ । “औद्योगिक, पर्यटकीय र हरित नगरः स्वच्छ, सुरक्षित र समृद्ध दमक” सोचका साथ अघि बढेको दमक नगरलाई समृद्ध बनाउन कृषि क्षेत्रलाई पनि साथसाथै लैजान आवश्यक हुन्छ। यस क्षेत्रको विकासले खाद्य असुरक्षा र कुपोषण जस्ता विषयहरुलाई सम्बोधन गर्न सक्छ।

### ३.१.२ समस्या तथा चूनौती

जमिनको खण्डीकरण भई गैह्रकृषि प्रयोजनमा जाने क्रम बढ्दै गएको, शहरी जीवनशैलीमा आकर्षण बढिरहेको, आधुनिक खेती प्रणालीले महत्व पाइनसकेको, औद्योगिक विकासका लागि कतिपय कृषि क्षेत्रको वैकल्पिक उपयोग गर्नुपर्ने अवस्था रहेको कारण उपयुक्त भू-उपयोग योजना बनाई कृषि उत्पादन र उत्पादकत्व बढाउने र कृषि उत्पादनमा स्वनिर्भरता बढाउने विषय चुनौतीको रुपमा रहेको छ । वैज्ञानिक प्रविधिको प्रयोग नहुँदा कृषिजन्य उत्पादनमा बृद्धि नहुनु र उत्पादित वस्तुको व्यावसायीकरण गरी आर्थिक विकास गर्न नसक्दा यसबाट खासै उपलब्धि हासिल गर्न सकिएको देखिदैन । भूस्वरुपमा परिवर्तन, परम्परागत प्रविधिको प्रयोग, भरपर्दो सिंचाई सुविधाको कमी, कृषि ऋण पहूँच र उपलब्धतामा कमी, कृषि बजारको असुविधा यस नगरपालिकाको कृषि उपक्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ३.१.३ सौंच

“व्यावसायिक तथा उत्पादनशील कृषि”

### ३.१.४ उद्देश्य

१. हाल भैरहेको कृषि ब्यवसायमा उन्नत प्रविधि र यान्त्रिकीकरणको प्रयोगद्वारा क्रमिक रुपमा व्यावसायीकरण र बगर खेतीलाई प्रवर्द्धन गर्नु ।

२. आधुनिक कृषिमा अग्रणी नगरको रुपमा स्थापित गर्नु ।

### ३.१.५ रणनीति

१. कृषि उत्पादन बढाउन आधुनिक उत्पादन अभ्यास र प्रविधिको उच्चतम उपयोग गर्ने ।

२. सामुहिक र सहकारी खेती प्रणाली प्रवर्द्धन गरी आधुनिक कृषिको नमुना प्रस्तुत गर्ने ।

३. कृषिमा सञ्चालित विभिन्नखाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत र प्रभावकारी बनाउने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना एवम् कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगारी | संख्या | १००० | १०५० | ११०० | ११५० | १२०० |
| कृषि क्षेत्रबाट हुने बार्षिक आम्दानी | रु. | ४३४१७ | ७५००० | ८०००० | ८२००० | ८५००० |
| व्यावसायिक कृषिबाट हुने बार्षिक आम्दानी | रु. | ४८००० | ८५००० | ८८००० | ९२००० | ९५००० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ५५ | ८५ | १०० | ११५ | १२० |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | २५ | २८ | ३८ | ४५ | ५५ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | ३.२५ | ३.२५ | ३.२६ | ३.२८ | ३.३० |
| कुल तरकारी उत्पादन | मे.टन | ५०० | ५५० | ६०० | ७०० | ८०० |

श्रोत: विषयगत शाखाको विवरण

### ३.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४९०३० | २९४१८ | १९६१२ | ० | ३१८६३ | १६१९७ | ९७० | ० |
| २०८०/८१ | ५४२७० | ३२५६२ | २१७०८ | ० | ३४९९९ | १८१८४ | १०८७ | ० |
| २०८१/८२ | ५९६६३ | ३५७९८ | २३८६५ | ० | ३८३८९ | २००५४ | १२२० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अर्गानिक कृषि बजार निर्माण आयोजना | अर्गानिक तरकारी र खाद्यवस्त् वितरण गर्न् | २०७७/७८ देखि २०७९/८० सम्म | २१२२२ | अर्गानिक तरकारी उत्पादनमा १५ प्रतिशतले बृद्धि हुनेछ। |
| २ | कृषि उत्पादन कृषि प्रसार, संचार, प्रबिधि हस्तान्तरण तथा नियमन कार्यक्रम | उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाली | १४१७४१ | कृषि क्षेत्रको उत्पादकत्व ३.५ % ले बृद्वी हुनेछ तथा नयाँ प्रबिधि प्रयोग हुनेछन् |

### ३.१.९ जोखिम तथा अनुमान

कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

दमक नगरपालिकामा कृषिमाथिको निर्भरता तुलनात्मक रुपमा कम रहेको छ। नगर पार्श्वचित्र २०७५ अनुसार नगरका २१.८९ प्रतिशत परिवारमात्र कृषिमा आवद्ध रहेका छन् भने नगरमा ३२४२ हेक्टर खेतीयोग्य जमिन रहेको छ । जसमध्ये २६१३ हेक्टर जमिन आंशिक वा पूर्ण रुपमा सिञ्चित छ भने ६२८ हेक्टर जमिनमा सिँचाइको सुविधा छैन । नगरले स्थानीय भू-उपयोग योजना अनुसार निर्माण हुने कृषि पकेट क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर सिँचाइ सम्बन्धी नीति तथा कानुन बनाई कार्यान्वयन गर्न थप समय लिनुपर्ने अवस्थामा अधिकांश कृषियोग्य भू-भागहरू खण्डीकृत हुँदै अब्यवस्थित रुपमा भवन बन्दै जाने अवस्था छ । त्यसैले भू-उपयोग योजना निर्माण गरी कृषि क्षेत्र निर्धारण र सोही अनुसार सिँचाइका पूर्वाधार विकास वा सुधारको कार्य अघि बढाउनु पर्ने आवश्यकता छ ।

### ३.२.२ समस्या तथा चुनौति

कृषि क्षेत्रमा समुदायको घट्दो लगाव र बढ्दो अब्यवस्थित शहरीकरणको कारण सिँचाइ क्षेत्रको विकासमा प्राथमिकता दिँदा आउन सक्ने जोखिम हेरेर यो क्षेत्रको लगानीलाई लाभदायक बनाउने चुनौती रहेको छ । सिंचाई क्षेत्रको विकासका लागि गरिएका प्रयासहरु दिगो हुन सकिरहेका छैनन् । उपभोक्ताहरुमा सिंचाई प्रणालीको दिगो उपयोगका लागि सेवाशुल्कको अवधारणा कार्यान्वयनमा ल्याउन सकिएको छैन । सिंचाइको लागि प्रयोग हुने विद्युतमा कृषकले सहज रुपमा छुट सुविधा पाउन सकिरहेका छैनन् । हाल स्थानीयस्तरमा समुदायबाट विभिन्न सिँचाइका योजना सञ्चालन भइरहेका भए पनि उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र भू-उपयोग योजनामार्फत् कृषि प्रयोजनमा लगाउने गरी क्षेत्र निर्धारण र कृषि क्षेत्र लक्षित गर्ने गरी सिँचाइ क्षेत्रका कार्यक्रम अघि बढाउन सकिएको छैन ।

### ३.२.३ सोच

"व्यवस्थित तथा दिगो सिंचाई"

### ३.२.४ उद्देश्य

उत्पादन सम्भाव्यताका आधारमा कृषि क्षेत्रमा पर्याप्त सिँचाइ सुविधा पुऱ्याउनु ।

### ३.२.५ रणनीति

१. नगरका खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको कमी हुन नदिने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | ८० | ८१ | ८२ | ८३ | ८४ |
| भू-उपयोग योजना निर्माण | संख्या | ० | ० | १ | १ | १ |
| स्थानीय भू-उपयोग योजना अनुसार सिँचाइ सुविधाको उपलब्धता | प्रतिशत | ० | २० | ३० | ४० | ५० |

### ३.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १४०१ | २८० | ११२१ | ० | ० | १४०१ | ० | ० |
| २०८०/८१ | १५५१ | ३१० | १२४० | ० | ० | १५५१ | ० | ० |
| २०८१/८२ | १७०५ | ३४१ | १३६४ | ० | ० | १७०५ | ० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ४६५७ | थप ३ % खेतीयोग्य जमिनमा सिचाई सुबिधा बिस्तार हुनेछ । |

### ३.२.९ जोखिम तथा अनुमान

प्रविधि तथा नविनतम प्रणालीको विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

यस नगरपालिकामा कृषि तथा पशुपालनसँग सम्बन्धित सामुदायिक तथा सहकारी फर्महरूको विगत केही वर्षदेखि उल्लेखनीय रूपमा बृद्धि भएको देखिन्छ । शहरी स्थानमा यस्ता फर्महरूको स्थापना भएपनि ग्रामीण क्षेत्रमा भने कृषकहरुले आफ्नो प्रयोजनको लागि आफै उत्पादन गर्ने गरेको पाइन्छ । कृषि तथा पशुपालन व्यवसायबाट पनि नगरपालिकामा प्रशस्त मुनाफा कमाउन सकिने सम्भावना यस नगरपालिकामा रहेको छ ।

### ३.३.२ समस्या तथा चूनौति

वैदेशिक रोजगारी तथा अन्य रोजगारको तुलनामा पशुपन्छीजन्य व्यवसायमा आकर्षणको कमी रहेको छ । बजार मूल्यको अस्थिरता, महामारी एवम् उत्पादन मूल्य र उपभोक्ता मूल्यबीचको अन्तर उच्च रहने गरेको छ । व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ । पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी रहेको छ । उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बिमा अनुदान, सहुलियतपूर्ण पशु पालन ऋणको व्यवस्थामा कमी हुँदा मासु, दूध, अण्डा जस्ता उत्पादनमा पनि आत्मनिर्भर हुन सकेको छैन । पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ ।

### ३.३.३ सोच

"उत्पादनशील पशुपालन र व्यवसायिक कृषक"

### ३.३.४ उद्देश्य

१. पशु नश्लसुधार कार्य शुरु गर्नु ।

२. पशुपालन क्षेत्रमा आवश्यक लगानी मार्फत रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु ।

### ३.३.५ रणनीति

१. उन्नत प्रविधि र यान्त्रिकिकरणको प्रयोग तथा व्यावसायिकताको विकास गर्दै कृषि तथा पशुपालनलाई व्यावसायीकरण गर्ने ।

२. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवर्द्धन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने ।

३. पशुजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता तथा बजारीकरण सुनिश्चितता गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना एवम् कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ५०० | ५५० | ५५० | ६०० | ६५० |
| व्यवसायिक फर्मको संख्या | संख्या | १०० | १२४ | १३५ | १५० | १६५ |
| पशुपालन क्षेत्रबाट हुने बार्षिक आम्दानी | रु. | २७५७८ | ३१७१४ | ३४८८६ | ३८३७४ | ४२२१२ |

### ३.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७००४ | ३५०२ | ३५०२ | ० | ३१८६ | ३८१८ | ० | ० |
| २०८०/८१ | ७७५३ | ३८७६ | ३८७६ | ० | ३५०० | ४२५३ | ० | ० |
| २०८१/८२ | ८५२३ | ४२६२ | ४२६२ | ० | ३८३९ | ४६८४ | ० | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक पशुपंछी उत्पादन तथा पशुपंक्षी उपचार, प्रसार सूचना तथा प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | पशुपन्छी जन्य उत्पादनमा वृद्धि, पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | २३२८० | पशुपन्छीजन्य उत्पादन १५ प्रतिशतले बृद्वि हुनेछ । साथै व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसाय बढ्नेछन् |

### ३.३.९ जोखिम तथा अनुमान

सबै सरकारी तथा अन्य कार्यक्रमबीच समन्वय र सहकार्य प्रभावकारी भएमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । प्रविधि, प्रसार तथा पशुपंक्षी उपचार जस्ता क्षेत्रलाइ एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

नगर पार्श्वचित्र २०७५ अनुसार दमक नगरपालिका क्षेत्रभित्र कुल ४,४११ विभिन्न प्रकृतिका उद्योग तथा व्यवसायहरू सञ्चालनमा रहेका छन् । दमक नगरपालिकाको राजस्व सुधार कार्य योजना, २०७५ अनुसार पछिल्लो समयमा दर्ता भएका व्यवसायीहरू १,२२० समेत गरी हाल ५,६३१ व्यवसायीहरू रहेका छन् । लगानीको हिसाबले हेर्दा रु १ लाखसम्म लगानी गरी व्यापार सञ्चालन गरेका व्यवसायीहरू ३८ प्रतिशत रहेका छन् भने रु १ लाखदेखि ५ लाखसम्म लगानी गर्ने व्यवसायीहरू ६० प्रतिशत रहेका छन् । धेरैजसो उद्योग व्यवसाय साना तथा मझौला किसिमका छन् । ठूला उद्योगको रुपमा केही मात्रामा चिया उद्योगहरू रहेका छन् भने कृषि तथा वन पैदावरमा आधारित साना उद्योगहरू पनि सञ्चालनमा रहेका छन् । यी उद्योग व्यवसायबाट ४६२ जनाले रोजगार पाएको देखिन्छ । उद्योग तथा व्यवसायिक फर्म तथा कम्पनीहरू मध्ये वस्तुको बिक्री गर्ने ३,११० अर्थात् ७०.५१ प्रतिशत, सेवाको बिक्री गर्ने १,००२ अर्थात् २२.७२ प्रतिशत, वस्तुको उत्पादन गर्ने १६५ अर्थात् ३.७४ प्रतिशत र अन्यमा १३१ अर्थात् २.९७ प्रतिशत रहेका छन् । तथ्याङ्क अनुसार दमकमा विशेषगरी थोक तथा खुद्रा व्यापार हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल लगायत बिस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्टिक र इलेक्ट्रोनिक्स सामानहरूका तेस्रो मुलुकहरूबाट उत्पादन भई आयात गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्रा बिक्री हुने गरेको छ ।

### ३.४.२ समस्या तथा चूनौति

नगरपालिका क्षेत्रमा स्थानीय रुपमा उत्पादन हुने वस्तुको मात्रा न्यून रहेको हुँदा आयातमा आधारित व्यापारबाट मात्र आर्थिक सम्वृद्धि सम्भव हुँदैन । नगरपालिकाको अर्थतन्त्रलाई सबल बनाउन नगरपालिकाभित्र नै उत्पादन हुने खालका वस्तुहरूको उत्पादन तथा त्यस्ता वस्तुहरूको निर्यातलाई विशेष जोड दिनुपर्दछ । नगर पार्श्वचित्रमा प्रस्तुत तथ्याङ्क अनुसार यस प्रकारका वस्तु उत्पादन गर्ने उद्योगहरूको संख्या सबैभन्दा कम हुनुले नगरपालिकाको अर्थतन्त्र सबल हुन सकेको छैन । उद्योग र वाणिज्य क्षेत्रलाई नगरको आर्थिक विकासको माध्यमका रुपमा अघि बढाउन औद्योगिक क्षेत्र निर्धारण तथा सो सम्बन्धी पूर्वाधारका कार्यले अपेक्षित प्राथमिकता पाउन सकेको छैन । साना तथा मझौला उद्योगलाई स्थानीय उत्पादन वृद्धिमा योगदान गर्न सक्ने स्तरमा पुऱ्याउने र उपयुक्त साझेदारीमार्फत् आवश्यक पूर्वाधार तयार गरी ठूला उद्योग स्थापना र सञ्चालन गर्ने चुनौती पनि विद्यमान छ । उद्योगका लागि आवश्यक कच्चापदार्थ सहज आपूर्ती नहुनु, श्रमिक ज्याला बढी हुनु, उत्पादन परिमाण कम हुनु र बजार व्यस्था प्रभावकारी हुन नसक्नु जस्ता कारणले यहाँ स्थापना भएका उद्योगहरुलाई पनि उत्पादन लागत बृद्धि भै प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने गरेको छ ।

### ३.४.३ सौँच

"वातावरणमैत्री उद्योग व्यवसायको विकास"

### ३.४.४ उद्देश्य

१. उद्योग र वाणिज्य क्षेत्रलाई उत्पादनशील क्षेत्रका रुपमा विकास गर्नु ।

२. नगरको सामाजिक, सांस्कृतिक र पर्यावरणीय सौन्दर्यलाई प्रतिकूल असर नगर्ने हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्नु ।

### ३.४.५ रणनीति

१. दमकलाई क्षेत्रीय औद्योगिक र व्यावसायिक केन्द्र बनाउने गरी पूर्वाधार तयारीका साथै स्थानीय कच्चा पदार्थ र औद्योगिक उत्पादन प्रवर्द्धन गर्ने ।

२. परम्परागत सामग्री उत्पादनमा आधुनिक सीप तथा प्रविधिको उपयोग गरी स्थानीय उत्पादनको संरक्षण र प्रबर्द्धन गर्ने ।

३. आत्मनिर्भरता उन्मुख अर्थतन्त्र निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

बृहत नगर विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कृषि र पशुजन्य उत्पादनमा आधारित उद्योगको स्तरोन्नती | संख्या | - | - | ४ | ५ | ६ |
| घरेलु तथा स्थानीय कच्चा पदार्थको प्रयोगमा आधारित उद्योगहरू प्रवर्द्धन गर्ने खालको नीति निर्माण | संख्या | - | | १ | १ | १ |
| उद्योग व्यवसायीहरूको संख्या | संख्या | ५६३१ | ९५०० | १०००० | १०५०० | ११००० |

### ३.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०५०६ | ४२०३ | ६३०४ | ० | ० | १०५०६ | ० | ० |
| २०८०/८१ | ११६२९ | ४६५२ | ६९७८ | ० | ० | ११६२९ | ० | ० |
| २०८१/८२ | १२७८५ | ५११४ | ७६७१ | ० | ० | १२७८५ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, ब्यापार ब्यबसाय प्रबर्द्धन कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरी उद्योग तथा व्यवसायको सिर्जना र विकास गर्नु | सालबसाली | ३४९२० | व्यवसाय करबाट संकलित राजस्वमा ५ प्रतिशतले वृद्धि हुनेछ । |

### ३.४.९ जोखिम तथा अनुमान

वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन गर्न आवश्यक नीति र कार्यक्रम हुन जरुरी छ । तथापि वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक नहुने जोखिम छ ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

दमक नगरपालिका यहाँको प्राकृतिक सुन्दरता, रतुवा र मावा नदीहरू र फाल्गुनानन्द धाम लगायतका धार्मिक स्थलहरूको रमणीयताले गर्दा आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि आकर्षणको केन्द्र रहेको छ । यहाँ रहेको धिमाल जाती लगायत अन्य जातजातिको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता प्रमुख क्षेत्रका रुपमा रहेका छन् । नगरपालिका क्षेत्रमा अवस्थित दुर्गा पंचायण मन्दिर, श्री शिव मन्दिर, देविथान ग्रामथान, गजकाली सामुदायिक मन्दिर, सिद्धेश्वर शिवालय जस्ता धार्मिक तथा पर्यटक भित्रिने ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार तथा पर्यटकमैत्री वातावरणको प्रर्वद्धन गर्न सके दमकको आर्थिक विकास र रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ । हाल निर्माणको चरणमा रहेको भ्यू टावर, नेपालकै ठूलो बुद्धको मुर्तीका कारण आगामी वर्षहरूमा दमक आफैमा धार्मिक, साँस्कृतिक तथा व्यापारिक र पर्यटकीय नगरका रुपमा विकसित हुने सम्भावना रहेको छ ।

नगर पार्श्वचित्र २०७५ बमोजिम हाल नगर क्षेत्रभित्र ११२ वटा भन्दा बढी होटल तथा लजहरू रहेका छन् । अधिकांश होटलहरू बजार क्षेत्रमा रहेका छन् भने ग्रामीण क्षेत्रमा होमस्टेहरू सञ्चालनमा आएको छैन । केही सीमित होटलहरू बाहेक अधिकांश होटलहरू सामान्य किसिमका रहेका छन् । विगतमा भुटानी शरणार्थी क्याम्प रहेको समयमा बाह्य पर्यटकको चहलपहल रहेता पनि हाल भुटानी शरणार्थीहरू पुनर्वास भई विभिन्न देशमा गएकाले तत्पश्चात् यहाँको बजारको चहलपहलमा केही कमी आएको छ ।

### ३.५.२ समस्या तथा चूनौति

पर्यटन गुरुयोजना तथा सान्दर्भिक स्थानीय नीति, कानुन र योजना निर्माणको कार्य बाँकी रहेको छ । वार्षिक रुपमा के कति आन्तरिक तथा बाह्य पर्यटकहरूले नगर क्षेत्रको भ्रमण गरे र निजहरूको बसाई के कति दिन रहेको थियो सो को यकिन तथ्याङ्क नगरपालिकासँग छैन । धिमाल तथा विभिन्न जातजातिको बसोबास रहेको स्थानमा साँस्कृतिक तथा धार्मिक पर्यटनको राम्रो संभावना भए पनि त्यस्ता स्थलहरूको पर्यटन पूर्वाधार विकासमा खासै लगानी हुन नसक्नु, पर्यटकीय गन्तब्यहरुको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् । पर्यटन क्षेत्रका लागि सहयोगी भौतिक पूर्वाधार विकासका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने, स्थानीय होटल तथा पर्यटन सेवासँग सम्बन्धित अन्य ब्यवसायको गुणस्तर प्रवर्द्धन, नगर भएर अन्य क्षेत्रमा जाने पर्यटकलाई केही दिन नगरमा नै रोक्ने किसिमका पर्यटन प्याकेज निर्माण र कार्यान्वयन जस्ता विषय निजी क्षेत्रको आकर्षक व्यवसायिक छनोट बनाउने जस्ता चुनौती नगरलाई छ । त्यस अतिरिक्त पर्यटन बजार विस्तारमा अन्य स्थानीय तहसँगको साझेदारी र पर्यटकलाई नगरमा केन्द्रित गराउन प्रतिस्पर्धामा आफुलाई अब्बल बनाउने चुनौती छ ।

### ३.५.३ सोच

"सुदूर पूर्वको पर्यटकीय गन्तव्य"

### ३.५.४ उद्देश्य

१. स्थानीय आर्थिक विकास, गरिबी निवारण र रोजगारी प्रवर्द्धनमा पर्यटन क्षेत्रको योगदान बढाउनु ।

२. बदलिँदो परिवेश अनुसार पर्यटन उद्योगको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम् विस्तार गर्नु ।

३. रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्नु ।

### ३.५.५ रणनीति

१. साँस्कृतिक, औद्योगिक र व्यावसायिक पर्यटनका लागि उपयोगी पूर्वाधार तयार गर्ने ।
२. पर्या पर्यटन र ग्रामीण पर्यटनको विस्तार र पर्यटन क्षेत्रको विविधिकरण गर्ने ।

३. निजी क्षेत्रसँगको सहकार्यमा आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. सबै जातजाति र धर्म सम्प्रदायहरूप्रति कुनै भेदभाव नगरी उचित सम्मान, संरक्षण र संवर्द्धन गर्ने ।

५. ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आन्तरिक पर्यटक आवगमन संख्या(वार्षिक) | हजारमा | - | १००००० | १२०००० | १५०००० | १९०००० |
| बाह्य पर्यटक आवगमन संख्या (वार्षिक) | संख्या | - | २५००० | २८००० | ३०००० | ३५००० |
| पर्यटकहरूको बसाई (औसत दिनमा) | दिन | - | १ | १ | १ | १ |

### ३.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७००४ | ३५०२ | ३५०२ | ० | ० | ३१२४ | ३८८० | ० |
| २०८०/८१ | ७७५३ | ३८७६ | ३८७६ | ० | ० | ३४०५ | ४३४८ | ० |
| २०८१/८२ | ८५२३ | ४२६२ | ४२६२ | ० | ० | ३६४४ | ४८७९ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन प्रवर्द्धन गर्नु | सालबसाली | २३२८० | दमक नगरपालिकामा आउने बाह्य पर्यटकको संख्यामा वार्षिक ५ हजारका दरले बृद्धि भएको हुनेछ । |

### ३.५.९ जोखिम तथा अनुमान

सरकारी, निजी क्षेत्र तथा नागरिक साझेदारीमा यस क्षेत्रको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन क्षेत्रमा परिचालित भई युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । कोभिड १९ जस्ता महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ भूमि व्यबस्था, बैंक, वित्त तथा सहकारी

### ३.६.१ पृष्ठभूमि

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय स्तरको बचतलाई नगरपालिका क्षेत्रबाट बाहिर जान रोकी स्थानीय क्षेत्रमा नै लगानी गरी रोजगारीको विकास तथा पुँजीको व्यवस्थापन गर्ने कार्यमा स्थानीय सहकारीको भूमिका महत्वपूर्ण रहेको छ । नगरमा पुँजी वृद्धि तथा उद्योग व्यापार लगायतका क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ ९६ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । सहकारीहरूमा यथेष्ट मात्रामा पुँजी रहको र उक्त पुँजी उत्पादन क्षेत्रमा लगानी गर्ने सम्भावना रहेको छ। नगरपालिकाले उत्पादनशील क्षेत्रमा लगानीको वातावरण निर्माणका लागि लगानी नीति र सम्बन्धित सहकारीको संस्थागत विकास हुने गरी कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

### ३.६.२ समस्या तथा चूनौति

सहकारी संस्था सम्बन्धी अधिकार स्थानीय सरकारको एकल अधिकारका रुपमा रहेकोले यही अधिकारका आधारमा स्थानीय कानुन र संस्थागत प्रबन्ध गरी सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने अवसर नगरलाई भए पनि समान उद्देश्य भएका सहकारीहरूलाई गाभ्ने, सहकारी क्षेत्रको स्रोतलाई स्थानीय आर्थिक विकासका क्षेत्रमा केन्द्रित गर्ने, एउटै उद्देश्य भएका सहकारीहरूबीचको प्रतिस्पर्धालाई स्वच्छ बनाउने र उत्पादनमुलक क्षेत्रमा सहकारीको लगानी बृद्धि गर्दै सदस्य तथा बचतकर्ताको पुँजीको सुरक्षा गरी आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान बढाउने जस्ता चुनौती यस क्षेत्रमा रहेका छन् ।

### ३.६.३ सोच

"स्थानीय उत्पादनमा सहकारी व्यवस्थापन"

### ३.६.४ उद्देश्य

१. स्थानीय पुँजीलाई एकीकृत गरी उत्पादनमुलक क्षेत्रमा लगानी गर्नमा सहकारी क्षेत्रको योगदान बढाउनु ।
२. सहकारी संस्थाको क्षमता विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।

### ३.६.५ रणनीति

१. स्थानीय आर्थिक विकासको सहजकर्ताका रुपमा सहकारी क्षेत्रको विकास र सुदृढिकरण गर्ने ।

२. विषयगत र बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्ने ।

३. सहकारीहरूको पुँजी लगानीलाई व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि | संख्या | - | - | ५ | ७ | ९ |
| सहकारीहरूको व्यवस्थापकीय सुधार | संख्या | - | - | १० | १२ | १४ |
| सहकारीमा पहुँच भएका परिवारको प्रतिशत (घरबाट ३० मिनेट पैदल यात्रा) | प्रतिशत | ४२ | ४२ | ४६ | ५२ | ६० |

### ३.६.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०५०६ | ८४०५ | २१०१ | ० | ० | १०५०६ | ० | ० |
| २०८०/८१ | ११६२९ | ९३०४ | २३२६ | ० | ० | ११६२९ | ० | ० |
| २०८१/८२ | १२७८५ | १०२२८ | २५५७ | ० | ० | १२७८५ | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सहकारी प्रबर्द्धन कार्यक्रम | सहकारीको क्षमता अभिवृद्धी तथा नियमपालनामा वृद्धि गर्नु | सालबसाली | ३४९२० | सहकारी संस्थामा पहूँच भएका परिवार संख्यामा ५ प्रतिशतले बृद्धि हुनेछ। |

### ३.६.९ जोखिम तथा अनुमान

वित्तीय एवम् सहकारी संस्थाहरु स्थानीय उत्पादन र सो को बजारीकरणमा बढी क्रियाशिल हुनेछन् साथै आर्थिक गतिविधि विस्तार हुदै जानेछ। उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

नगर पार्श्वचित्र, २०७५ बमोजिम दमक नगरपालिका क्षेत्रमा सामान्यतया काम गर्ने उमेरका कुल ७२,०५५ जनसंख्या मध्ये काम गर्न चाहना राख्ने जनसंख्याको ३६.३८ प्रतिशत आंशिक वा पूर्ण बेरोजगार रहेका रहेका छन् । यद्यपि दमक नगरपालिका व्यापारिक र औद्योगिक शहरको रुपमा विकसित हुँदै गएको हुँदा यहाँ उत्पादनशील उद्योग, निर्माण क्षेत्र, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरु रहेका छन् ।

### ३.७.२ समस्या तथा चनौति

औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ । स्थानीय स्तरमा जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ ।

### ३.७.३ सोच

"रोजगारी र आयमा अभिवृद्धि तथा गरिवी न्युनीकरण"

### ३.७.४ उद्देश्य

१. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास (बुस्टर) कार्यक्रम मार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्नु ।

२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्नु ।

### ३.७.५ रणनीति

१. संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने ।

२. काम गर्ने उमेरका स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्रति व्यक्ति अधिकतम १०० दिन बराबरको काम | संख्या | - | - | २०० | २५० | ३०० |
| प्रति व्यक्ति आय (औसत) | डलरमा | | १६२० | १७०१ | १७८० | १८७५ |

### ३.७.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८४०५ | ४२०३ | ४२०३ | ० | ३७८२ | ३११० | १५१३ | ० |
| २०८०/८१ | ९३०४ | ४६५२ | ४६५२ | ० | ४१८७ | ३४४२ | १६७५ | ० |
| २०८१/८२ | १०२२८ | ५११४ | ५११४ | ० | ४६०३ | ३७८४ | १८४१ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य कार्यक्रम | सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्रति व्यक्ति अधिकतम १०० दिन बराबरको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु । | सालवसाली | २७९३७ | बेरोजगार जनशक्तिललाई नियमानुसार १०० श्रम दिन रोजगारी सिर्जना भएको हुनेछ । |

### ३.७.९ जोखिम तथा अनुमान

नगरपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

नेपालमा गरिवी निवारणलाई विगत केही दशकदेखि प्राथमिकतामा राखिदै आएको छ । यस नगरपालिकामा संचालित कार्यक्रमहरु पनि प्रत्यक्ष वा परोक्ष रुपमा गरिबी निवारण तर्फ केन्द्रित नै छन् । गरिबी निवारण अन्तर सम्बन्धित विषय भएकोले नगर भित्रका सरकारी, सहकारी, सामुदायिक, निजी र गैर सरकारी क्षेत्र एवम् विकास साझेदारहरुको एकीकृत र समन्वयकारी भूमिका आवश्यक हुन्छ ।

### ३.८.२ समस्या र चूनौती

वास्तविक गरिबलाई लक्षित गरी कार्यक्रम संचालन गर्न नसक्नु, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरुबीच प्रभावकारी समन्वय हुन नसक्नु, स्वरोजगार प्रवर्द्धन गर्नु जस्ता विषयहरु चूनौतीका रुपमा रहेका छन् ।

### ३.८.३ सोँच

“गरिबीमुक्त दमक”

### ३.८.४ उद्देस्य

१ गरिब लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु ।

२. स्रोत साधनमा गरिबको पहुँच स्थापित गर्नु ।

### ३.८.५ रणनीति

१. गरिब घरपरिवार पहिचान गरी अद्यावधिक विवरण राख्ने

२. रोजगारी तथा अवसरको अभिवृद्धि गरी गरिबको पहुँच सुनिश्चित गर्ने

३. आधारभूत आवश्यकताका वस्तु र सेवामा गरिबको पहुँच सुनिश्चित गर्ने

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गरिब घर परिवार पहिचान | प्रतिशत | ० | ० | ५० | १०० | १०० |
| समन्वय तथा सहकार्य | संख्या | ० | ० | २ | ४ | ६ |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५६०४ | २८०२ | २८०२ | ० | २५२२ | २०७३ | १००९ | ० |
| २०८०/८१ | ६२०२ | ३१०१ | ३१०१ | ० | २७९१ | २२९५ | १११६ | ० |
| २०८१/८२ | ६८१८ | ३४०९ | ३४०९ | ० | ३०६८ | २५२३ | १२२७ | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिवी निवारण सम्बन्धी सालबसाली कार्यक्रम | गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउनु | सालबसाली | १८६२४ | गरिवी निवारणको राष्ट्रिय लक्ष्यमा सहयोग पुग्नेछ । |

### ३.८.९ जोखिम तथा अनुमान

गरिबी निवारण अन्तरसम्बन्धित विषयक्षेत्र भएकोले सबै सरेकारवालाहरु बीच प्रभावकारी समन्वय हुनेछ । वास्तविक गरिबलाई लक्षित गरी कार्यक्रम संचालन गर्न नसकेमा र गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरुबीच प्रभावकारी समन्वय हुन नसकेमा लक्ष्य प्राप्ति हुन नसक्ने जोखम रहन्छ ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

दमक नगरपालिकामा २१ ओटा सामुदायिक विद्यालय र ६३ वटा संस्थागत विद्यालय गरी जम्मा ८४ ओटा विद्यालय रहेका छन् । २१ ओटा सामुदायिक विद्यालय मध्ये ९ ओटा माध्यमिक विद्यालय र १२ ओटा आधारभूत विद्यालय रहेका छन् । दमक नगरपालिकाको नगर बृहत् योजना, २०७७ अनुसार संस्थागत तर्फ २८ ओटा माध्यमिक र ३५ ओटा आधारभूत विद्यालय रहेका छन् । नगरपालिकामा रहेका ४ ओटा क्याम्पस मध्ये एउटा सामुदायिक र तीन वटा संस्थागत क्याम्पस छन् । एउटा गैर नाफामुलक क्याम्पस रहेको छ । तीन ओटा सामुदायिक अध्ययन केन्द्र र एक बहु प्राविधिक विद्यालय रहेको छ । सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि बाल विकाससम्म नगरपालिकाले दिवा खाजा कार्यक्रम व्यवस्थापन गरेको छ । अंग्रेजी भाषाको सुधार गर्नका लागि आंशिक रुपमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरुवात गरेको छ । नगरभित्रका सबै विद्यालयहरूमा शिक्षकहरूको एकरुपता ल्याउन एकै किसिमको विद्यालय पोशाकको व्यवस्था गरेको छ ।

### ४.१.२ समस्या तथा चूनौति

विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सामुदायिक विद्यालयप्रतिको अभिभावकको आकर्षण अभिवृद्धि गर्नु, अभिभावक सचेतना अभिवृद्धि गर्नु तथा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गर्ने जस्ता विषय सम्बोधन गर्दै जानु पर्ने देखिन्छ । साथै शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई विधि र पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना गरी टिकाउ दरमा वृद्धि गर्नु, कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित उपलब्धी दर हाँसिल गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको उपलब्धता र स्रोतको व्यवस्थापन, शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई सिकाई उपलब्धी दरमा वृद्धि गर्नु प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

### ४.१.३ सौंच

“गुणस्तरीय र प्रतिस्पर्धी शिक्षासहितको शैक्षिक नगर”

### ४.१.४ उद्देश्य

१. प्रारम्भिक बाल शिक्षामा भर्ना गर्ने उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल कक्षामा भर्ना गर्ने वातावरण तयार गरी बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी बाल विकास/विद्यालयलाई भयरहित र अपाङ्गतामैत्री बनाउनु ।

२. विद्यालय तहमा अध्ययन गर्ने उमेरका सबै बालबालिकाहरूको विद्यालयमा सहज पहुँच र उनीहरूलाई प्रदान गरिने शिक्षामा गुणस्तर कायम गर्नु ।

३. शिक्षाको विकास र सुशासनको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

४. विद्यालयको क्षमता मापन गरी सेवा क्षेत्र सुनिश्चित गर्नु ।

५. प्राविधिक शिक्षाको विकासका लागि आवश्यक भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु ।

६ अनौपचारिक शिक्षाको प्रवर्द्धन गरी पूर्ण साक्षर नगर निर्माण गर्नु ।

### ४.१.५ रणनीति

१. बाल विकास र सामुदायिक विद्यालय प्रतिको अभिभावकको आकर्षण वृद्धि गर्न भयरहित र प्रभावकारी शिक्षण सिकाई वातावरणका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने ।

२. विद्यालय शिक्षामा समावेशी र समतामूलक पहुँच विस्तारका कार्यक्रम कार्यान्वयन गर्ने ।

३. शिक्षा सेवा तथा व्यवस्थापनको आन्तरिक क्षमता विकास गर्ने ।

४. विद्यालयको क्षमता र सेवा क्षेत्र निर्धारण र कार्यान्वयन गर्ने ।

५. प्राविधिक शिक्षा विकासको लागि आवश्यक वातावरण तयार गर्ने ।

६. पूर्ण साक्षर नगर निर्माणका लागि अनौपचारिक शिक्षाको प्रवर्द्धन गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर | प्रतिशत | ८३ | ८३ | ८४ | ८५ | ८६ |
| प्रारम्भिक बाल विकासको खुद भर्नादर | प्रतिशत | ९८ | ९८ | ९८.३ | ९८.५ | ९८.७ |
| प्राथमिक तह (१ देखि ५) खुद भर्नादर | प्रतिशत | ९२ | ९२ | ९३ | ९५ | ९६ |
| आधारभूत (१ देखि ८) तहको खुद भर्नादर | प्रतिशत | ८५ | ८५ | ८६ | ८७ | ८८ |
| माध्यमिक तहको खुद भर्नादर | प्रतिशत | ६० | ६० | ६३ | ६६ | ६९ |
| आधारभूत तहको औसत सिकाई उपलब्धी दर | प्रतिशत | ६२ | ६२ | ६४ | ६६ | ६८ |
| माध्यमिक तहको सिकाई उपलब्धी दर | प्रतिशत | ६० | ६० | ६४ | ६७ | ७२ |
| विद्यालय छाड्ने दर (कक्षा १ देखि ५) | प्रतिशत | ३ | ३ | २.७ | २.२ | १.८ |
| विद्यालय छाड्ने दर (कक्षा ६ देखि ८) | प्रतिशत | ५ | ५ | ४.७ | ४.२ | ३.९ |
| विद्यालय छाड्ने दर (कक्षा ९ देखि १२) | प्रतिशत | ५ | ५ | ४.८ | ४.२ | ३.८ |
| सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन भएका विद्यालय | संख्या | १८ | १८ | १९ | २० | २१ |
| सामुदायिक विद्यालयमा (पिउन योग्य) स्वच्छ पानीको व्यवस्था भएका विद्यालय | संख्या | १६ | १७ | २१ | २१ | २१ |
| विद्यालयमा सुरक्षित घेराबारको व्यवस्था निर्माण/मर्मत शतप्रतिशत भएका विद्यालय | संख्या | २० | २१ | २१ | २१ | २१ |
| छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालय निर्माण भएका विद्यालय | संख्या | २१ | २१ | २१ | २१ | २१ |
| कम्प्युटर प्रयोगशाला स्थापना र सञ्चालन भएका विद्यालय | संख्या | १७ | १७ | १८ | २० | २१ |
| माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन भएका विद्यालय | संख्या | ८ | ८ | ९ | ९ | ९ |
| विज्ञान प्रयोगशाला सञ्चालित आधारभूत विद्यालय | संख्या | ३ | ३ | ३ | ४ | ५ |

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठन पाठन सञ्चालन शिक्षकलाई तालिम | पटक | १ | १ | १ | १ | १ |
| विद्यालयमा इ-हाजिरीको व्यवस्था भएका विद्यालय | संख्या | ९ | ९ | १३ | १५ | १८ |
| बाल विकास केन्द्रका सहजकर्तालाई मण्टेश्वरी विधि शिक्षण सिकाई तालिम/पुनर्ताजकीय तालिम | पटक | १ | १ | १ | १ | १ |

### ४.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३९९९४६ | २७९९६२ | ११९९८४ | ० | ७६४७१ | ३१३७७४ | ९७०० | ० |
| २०८०/८१ | ४४२६९२ | ३०९८८४ | १३२८०८ | ० | ८३९९८ | ३४७८२४ | १०८७० | ० |
| २०८१/८२ | ४८६६७६ | ३४०६७३ | १४६००३ | ० | ९२१३४ | ३८२३४४ | १२१९७ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दमक बहुमुखी क्याम्पस भवन निर्माण | दमक बहुमुखी क्याम्पसको अन्डर ग्राउन्ड पार्किङ सहित भवन निर्माण गर्नु | २०७७/७८ देखि २०७९/८० सम्म | १२०००<br>० | दमक बहुमुखी क्याम्पसको अन्डर ग्राउन्ड पार्किङ सहितको भवन निर्माण हुनेछ। |
| २ | हिमालय मावि कक्षा कोठा निर्माण | कक्षा कोठा निर्माण गरी व्यवस्थित र सहज बनाउनु | २०७७/७८देखि २०७९/८० सम्म | ६०००० | १० वटा कक्षा कोठा निर्माण भएको हुनेछ। |
| ३ | ढुकुरपानी मावि दमक ३ मा कक्षा कोठा निर्माण | कक्षा कोठा निर्माण गरी व्यवस्थित र सहज बनाउनु | २०७७/७ देखि २०७९/८० | ७०००० | थप कक्षा कोठा निर्माण भएको हुनेछ। |
| ४ | प्रारम्भिक बाल विकास कार्यक्रम | बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना वृद्धि गर्नु | सालबसाली | ६११७८ | ३४ बाल विकास केन्द सुचारु सञ्चालन भएका हुनेछन् र प्रारम्भिक बाल विकासमा खुद भर्नादर ९८.७ प्रतिशत पुगेको हुनेछ |
| ५ | आधारभूत शिक्षा कार्यक्रम | आधारभूत शिक्षा निशुल्क एवम् अनिवार्य गर्ने | सालबसाली | ४८९४२<br>३ | आधारभूत तह खुद भर्नादर ८८. पुगेको हुनेछ र शैक्षिक उपलब्धि सरदर ९५ प्रतिशत पुगेको हुनेछ। |
| ६ | माध्यमिक शिक्षा कार्यक्रम | मध्यमस्तरको जनशक्ति तयार गर्नु | सालबसाली | ३६७०६७ | माध्यामिक तहको खुद भर्ना दर ६९ प्रतिशत र औषत जिपिए दर २.८ पुगेको हुनेछ। |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | शैक्षिक विकास, नियमन तथा अन्य कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ३०५८९० | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा २० प्रतिशतले वृद्धि हुनेछ र १९ ओटा सामुदायिक विद्यालयको भौतिक संरचनामा सुधार हुनेछ। |

### ४.१.९ जोखिम तथा अनुमान

शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग र सबै सरोकारवाला बीच प्रभावकारी समन्वय हुनेछ। सहकार्य र साझेदारी विकास जस्ता पक्षमा ध्यान दिन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम देखिन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

दमक नगरपालिकामा सरकारी स्तरका १५ शैयाको दमक अस्पताल सहित नगरका वडाहरूमा ८ वटा स्वास्थ्य संस्थाहरू र ९ वटा भन्दा बढी निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आएको छ। नगर जनसंख्याको अनुपातमा सरकारीस्तरका स्वास्थ्य संस्था अपुग छन्। निजी स्वास्थ्य संस्थाहरू बढी बजार केन्द्रित र विशेषगरी वडा नं. ५ र ६ मा धेरै रहेका छन्। नगरका १० वटा सरकारी स्वास्थ्य संस्थाहरू मध्ये ४ वटा स्वास्थ्य संस्थाहरूको मात्र पक्की भवन छ। पक्की भवन भएका स्वास्थ्य संस्थाहरूको पनि केहीमा मात्र न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छन् भने बाँकी आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरू वडा भवन र सामुदायिक भवनहरूमा अस्थायी रुपमा सञ्चालन भइरहेका छन्। नगरभरि ३ वटा आफ्नै भवनसहित शहरी स्वास्थ्य केन्द्र र ६ वटा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। आधारभूत स्वास्थ्य केन्द्रका आफ्नै भवन भने छैनन्। शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, जनशक्ति प्रर्याप्त छैनन्।

दमक अस्पतालमा पोष्टमार्टम, ओपीडी, प्रसुती, फार्मेसी, सेवा, स्वास्थ्य बिमा, फार्मेसी लगायतका अन्य स्वास्थ्य सेवाहरू थप विस्तार गरिए पनि विशिष्ट स्वास्थ्य सेवा र कतिपय गम्भीर प्रकृतिका रोगको उपचारका लागि भने निजी स्वास्थ्य संस्थामा तथा नगर बाहिर विराटनगर, धरान, सिलगुडी लगायतका ठाउँहरूमा जानुपर्ने अवस्था रहेको छ। नगरमा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी र अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू आदि सम्बन्धी विभिन्न शिविर तथा जनचेतनाका कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ। यस नगरपालिकामा रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुख्ने, दम, थाइराइड र मुटु रोग सम्बन्धी रोगीहरूको संख्या बढ्दै गएको छ। नगरपालिकामा हाल नगर रेडक्रसको स्थानीय इकाईको समन्वयमा एउटा रक्त सञ्चार केन्द्र सञ्चालनमा रहेको छ।

### ४.२.२ समस्या तथा चूनौति

नगरपालिकाको केन्द्रमा बसोबास गर्ने नगरबासीहरूको पहुँच सहज देखिएता पनि परका बस्तीहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन। नगरभरि तीन वटा मात्र सरकारीस्तरको बर्थिङ सेन्टर रहेको छ जुन प्रयाप्त छैन। नगरमा हाल १० वटै वडाहरूमा रहेका खोप क्लिनिकमार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थलहरूलाई व्यवस्थित बनाउन सकिएको छैन। नगर तथा सरकारी अस्पताल अर्न्तगत रक्त सञ्चार केन्द्र छैन। नगरभर एउटै रक्त सञ्चार केन्द्र रहेको छ, जुन अपर्याप्त छ। सञ्चालनमा रहेका

बजार केन्द्रित धेरैजसो औषधि पसल र केही निजी स्वास्थ्य संस्थाहरू मापदण्ड अनुरुप सञ्चालन भए नभएको बारे नियमित अनुगमन हुन सकेको छैन । संघीय सरकारको नीति अनुसार नगरपालिकाका हरेक वडाहरूमा स्वास्थ्य चौकी स्थापना हुनुपर्ने भए पनि सबै वडाहरूमा स्थापना हुन सकेको छैन । नगरका गाउँ बस्ती रहेका वडाहरूमा विशेषगरी शरणार्थी बस्ती, सुकुम्बासी बस्ती र चिया बगान मजदुर बस्तीहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रुपमा कम रहेको छ। नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम दमक नगरपलिकामा लागु भइसकेको भए पनि स्वास्थ्य बिमा कार्यक्रमको सेवा लिन यस नगरपालिकामा झण्झटिलो, स्वास्थ्य बिमा अर्न्तगतका औषधीहरूको अभाव, सेवा लिन धरै समय लाग्ने गरेको छ। नगरको स्वास्थ्य क्षेत्रको सेवामा यो पनि एउटा प्रमुख समस्याको रुपमा रहेको छ । नगरमा हाल ७२ भन्दा बढी औषधीहरू आफ्ना स्वास्थ्य संस्थाहरूबाट वितरण गर्दै आएको भए पनि स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधीहरूको अभाव हुने गरेको समेत अनुभव छ। जनशक्तिको अपर्याप्तता पनि स्वास्थ्य क्षेत्रको समस्याका रुपमा रहेको छ। सरकारी अस्पतालमा रहेका कतिपय उपकरण चलाउन सक्ने दक्ष जनशक्तिको स्थायी व्यवस्थापन गर्न बाँकी रहेको छ

### ४.२.३ सौँच

" भरपर्दो, विशिष्टिकृत र पहुँचयोग्य स्वास्थ्य सेवासहितको स्वस्थ दमक"

### ४.२.४ उद्देश्य

१. स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण गरी विशिष्टीकृत स्वास्थ्य सेवा स्थानीयस्तरमा नै उपलब्ध गराई नगरबासीलाई निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु ।
२. तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालासँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्नु ।

### ४.२.५ रणनीति

१. सबै नगरबासीलाई आधाभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्य सेवाका पूर्वाधार सुधार र सेवा विस्तार गर्ने ।
२. विशिष्टीकृत स्वास्थ्य सेवाका लागि नयाँ स्वास्थ्य संस्था स्थापना, उपलब्ध स्वास्थ्य संस्थाका पूर्वाधार विकास र सेवाको गुणस्तर सुधार लगायत स्वास्थ्य क्षेत्र सुधारका सबै पक्षलाई एकीकृत रुपमा अघि बढाउने ।
३. स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील (Sensitive) क्षेत्रको रुपमा विकास गर्ने ।
४. स्वास्थ्य सेवा प्रवाहको क्षमता विकास गर्ने ।
५. अनुसन्धान र प्रमाणमा आधारित स्वास्थ्य सेवा प्रवाहका लागि निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लैजाने ।
६. स्वास्थ्य सेवालाई सूचना प्रविधिमैत्री बनाउने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| पूर्ण खोप लगाएका बालबालिका (१२ देखि २३ महिना) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| TD2/ 2+ खोप लगाएका गर्भवती महिला | प्रतिशत | ३६ | ३८ | ४५ | ६० | ७५ |

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ० देखि ११ महिनासम्मका बालबालिकाको वृद्धि अनुगमन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ० देखि २३ महिनासम्मका बालबालिकाको वृद्धि अनुगमन गरेको प्रतिशत | प्रतिशत | २५ | २५ | ३० | ५० | ६० |
| कुपोषित बालबालिकाहरूको प्रतिशत | प्रतिशत | १० | १० | ८ | ६ | ४ |
| औसत वृद्धि अनुगमन गरेको संख्या (२ वर्ष मुनिका बालबालिका) | पटक | ३० | ३० | ५० | ६० | ७० |
| प्रोटोकल अनुसार प्रसुति पूर्व जाँच गराउने महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| गर्भावस्थामा १८० दिनको लागि आइरन र फोलिक एसिड खाने महिला | प्रतिशत | ३० | ३० | ५० | ७० | ८० |
| संस्थागत सुत्केरी गराउने महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कुल सुत्केरी मध्ये दक्ष प्रसुतिकर्मीबाट प्रसुती सेवा लिनेको हिस्सा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरूको प्रतिशत | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| शिशु मृत्यु संख्या (वार्षिक) | प्रति हजार | २० | २१ | १५ | १२ | १० |
| सुत्केरी मृत्यु संख्या (वार्षिक) | प्रति लाख | २३९ | २३९ | २०० | १५० | १०० |
| परिवार नियोजनका साधन प्रयोग गर्ने दर (CPR) (आधुनिक विधि) | प्रतिशत | ४० | ४६.७ | ६० | ७० | ७५ |
| आमा समूहको बैठक बस्ने दर | प्रतिशत | २५ | २५ | ३० | ५० | ७० |
| आपत्कालीन प्रसुती सेवा केन्द्र (Emergency Obstetric Care) | संख्या | २ | २ | ४ | ५ | ६ |
| रक्त सञ्चार केन्द्र स्थापना | संख्या | २ | २ | २ | २ | २ |

### ४.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २३८१४६ | १६६७०२ | ७१४४४ | ० | ६३७२६ | १६२२९५ | १२१२५ | ० |
| २०८०/८१ | २६३५९९ | १८४५२० | ७९०८० | ० | ६९९९९ | १८००१३ | १३५८८ | ० |
| २०८१/८२ | २८९७८९ | २०२८५३ | ८६९३७ | ० | ७६७७९ | १९७७६५ | १५२४६ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दमक अस्पताल पूर्वाधार निर्माण | सुलभ स्वास्थ्य सेवा प्रदान गर्नु | २०७७/७८ . देखि २०७९/८० | २१०००० | नगरभित्र सुलभ स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पूर्वाधार सहितको भवन निर्माण हुनेछ। |

| क्र.सं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | आधारभूत स्वास्थ्य कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसाली | ४६८९२० | स्वास्थ्य संस्थाहरुमार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमितरुमा संचालन हुनेछ र स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यहरु पुरा गर्न सहयोग पुग्नेछ । |
| ३ | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य कार्यक्रम | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवासँग एकिकृत गर्दै नियमित स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाउने | सालबसाली | ३९०८ | आर्युवेद स्वास्थ्य सेवा प्रवाह भई नगरबासीले आर्युवेद तथा बैकल्पिक स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् । |
| ४ | क्षमता अभिबृद्धि तथा सुशासन प्रवर्द्धन कार्यक्रम | स्वास्थ्य सेवा सम्बन्धी प्राविधिक तथा व्यवस्थापकीय ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्नु र जनस्वास्थ्य प्रवर्द्धन गर्नु | सालबसाली | १५६३०७ | १० वटा स्वास्थ्य संस्थाको संस्थागत क्षमता र सबै स्वास्थ्यकर्मीको ज्ञान, सीप र दक्षता अभिवृद्धि भई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह हुनेछ । |
| ५ | महामारी (कोभिड १९ समेत) जोखिम व्यवस्थापन कार्यक्रम | महामारी रोकथाम, जोखिम न्यूनीकरण प्रतिकार्यद्वारा यसबाट हुने क्षती घटाउनु | सालबसाली | १५२३९९ | महामारीबाट हुने क्षतीमा कमी आउनेछ । |

### ४.२.९ जोखिम तथा अनुमान

पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन र प्रभावकारी समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा कोभिड १९ जस्ता महामारीले जनस्वास्थ्य तथा नगरबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

नगर कार्यपालिका अन्तर्गत खानेपानी, सिँचाइ लगायतको पूर्वाधार सम्बन्धमा नीतिगत कार्य गर्न पूर्वाधार विकास समिति रहेको छ भने खानेपानी तथा सरसफाईका कार्यमा समन्वय र सबैका कामका बिचमा सामञ्जस्यता ल्याउन नगर र वडामा संयन्त्र रहेका छन् । दमक नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा ५६.४३ प्रतिशत घरधुरीले खानेपानीको श्रोतको रुपमा धारा तथा पाइप र ४३.४४ घरधुरीले ट्युववेल तथा हाते पम्प र बाँकी घरधुरीले अन्य श्रोत प्रयोग गरेको पाईन्छ। वातावरण र सरसफाई शाखामा पनि न्यूनतम जनशक्तिको उपलब्धता रहेको छ। नगरको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । संविधानले दिएको अधिकार र जिम्मेवारीलाई व्यवस्थित गर्न “स्वास्थ्य तथा सरसफाई सेवा ऐन-२०७५” निर्माण भएको छ भने स्वास्थ्य नीति, नियमावली, निर्देशिकाहरू तथा कार्यविधि निर्माण हुने क्रममा रहेका छन् ।

### ४.३.२ समस्या तथा चूनौति

यस क्षेत्रमा पर्याप्त जनशक्ति तथा संगठनात्मक क्षमताको अभाव जस्ता समस्या रहेका छन् । स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य सुधार यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

### ४.३.३ सोच

“स्वच्छ, सर्वसुलभ र दिगो खानेपानी सुविधा”

### ४.३.४ उद्देश्य

१. नगरपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु ।

२. नगरपालिकाको एकीकृत ढल निकास प्रणालीको काम सुरु गर्नु ।

### ४.३.५ रणनीति

१. स्वच्छ खानेपानीका लागि एक घर एक धारा सुनिश्चित गर्नुका साथै सार्वजनिक स्थलहरूमा समेत सर्वसुलभ खानेपानीको व्यवस्था गर्ने ।

२. नगरको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| धारा पाइपको पहुँच पुगेको परिवार | प्रतिशत | ५८ | ६० | ६५ | ७० | ७५ |
| घरधुरीमा धारा जडान भएको परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| ठोस फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेका परिवार | प्रतिशत | | ३६ | ३८ | ४० | ४२ |
| नगरको मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या | प्रतिशत | | ६५ | ७० | ७३ | ७६ |

### ४.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३५०२ | ७०० | २८०२ | ० | ३१८६ | ३१६ | ० | ० |
| २०८०/८१ | ३८७६ | ७७५ | ३१०१ | ० | ३५०० | ३७७ | ० | ० |
| २०८१/८२ | ४२६२ | ८५२ | ३४०९ | ० | ३८३९ | ४२३ | ० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | सालबसाली | ११६४० | थप १५ % घरधुरीमा पाइपको पानी पुगेको हुनेछ । |

### ४.३.९ जोखिम तथा अनुमान

जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने प्रभावलाई न्यूनीकरण गर्नु चूनौतिपूर्ण छ । साथै व्यवस्थित बसोबास, फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण जस्ता विषयलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

दमक नगरपालिकाको नगर प्रोफाइल २०७५ का अनुसार ५ वर्ष माथिका महिला र पुरुषको साक्षरता दर क्रमशः ८१.२४ प्रतिशत र ८९.७६ प्रतिशत रहेको छ । सम्पत्तिमा र खासगरी घर जग्गाको स्वामित्वमा महिलाको हिस्सा ३७ प्रतिशत रहेको छ। यस आधारमा समेत लैङ्गिक समानताको स्तर सुधारको आवश्यकता छ।

महिला तथा पुरुषको सामाजिक विकासको स्तरमा रहेको अन्तर न्यूनीकरणका लागि नगरले विभिन्न प्रयास गरेको छ । स्वास्थ्य बिमा लगायत निश्चित सेवामा महिला, दलित, अल्पसंख्यक आदिको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न स्थानीय नीति तथा कानुन तय गरी कार्यान्वयन समेत गरिएको छ । तथापि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समग्र सवालको सम्बोधनका लागि थप नीतिगत र संस्थागत प्रयास आवश्यक देखिएको छ ।

### ४.४.२ समस्या तथा चूनौति

नगरभित्रका आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैंगिक समानता कायम गर्नु, नगरपालिकाको सबै संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक समानता र सामाजिक सवावेशीकरण उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मुल्य, मान्यता र लैङ्गिक भूमिकामा परिर्वतन ल्याउनु, सामाजिक रुपमा बहिस्करणमा परेका वर्ग वा समुदायको सवालको यथोचित सम्बोधन गर्नु, महिलामाथि हुने सबै प्रकारका हिंसा र शोषण अन्त्य गर्नु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु, गरीब र सिमान्तकृत वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति र ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु यस क्षेत्रको प्रमुख चुनौतिको रुपमा रहेको छ।

### ४.४.३ सोच

“विभेदरहित र समतामूलक समाजको निर्माण”

### ४.४.४ उद्देश्य

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई नीतिगत सुनिश्चित गर्नु ।

२ नगरका विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई व्यवहारिक कार्यान्वयन गर्नु ।

३ सामाजिक समावेशीकरण प्रवर्द्धनमा नगरको आन्तरिक संयन्त्रको सुदृढीकरण गर्नु ।

४ सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि गर्नु ।

### ४.४.५ रणनीति

१. नीतिगत र कानुनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन गर्ने ।

२. नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने ।

३. सामाजिक समावेशीकण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउने ।

४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवाको प्रभावकारीता विस्तारलाई प्राथमिकता दिने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी अभिमुखिकरण प्राप्त गर्ने लक्षित वर्ग | संख्या | २ | २ | ५५ | ५५ | ५५ |
| नगरले निर्माण गरेका अपाङ्गमैत्री संरचना | संख्या | १० | १० | १२ | १५ | २० |
| दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि निर्मित आवास गृह | संख्या | १ | १ | १ | १ | १ |
| लैगिक हिंसा न्यूनिकरणका लागि नगरमा स्थापित लैगिक हिंसा न्यूनीकरण कोष | पटक | १ | २ | ३ | ४ | ५ |
| महिला तथा बालबालिका शाखा भौतिक व्यवस्थापन | पटक | १ | २ | ३ | ४ | ५ |
| महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको लागि क्षमता विकास तालिम | पटक | ० | १ | ३ | ५ | ७ |

### ४.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २५२१५ | २१४३३ | ३७८२ | ० | ३१८६ | २०५७४ | १४५५ | ० |
| २०८०/८१ | २७९११ | २३७२४ | ४१८७ | ० | ३५०० | २२७८० | १६३१ | ० |
| २०८१/८२ | ३०६८४ | २६०८१ | ४६०३ | ० | ३८३९ | २५०१५ | १८३० | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | सालवसाली | ८३८१ | ज्येष्ठ नागरिक, दलित, एकल महिला, बिधवा, पूर्ण तथा आंशिक आपंगता भएका व्यक्ति, दलित विपन्न, सडक बालबालिका र लोपोन्मुख जातिसमेत ११०० जना लाभान्वित हुनेछन् |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | उप-प्रमुखसँग महिला कार्यक्रम | बिपन्न महिला अपांगता भएका व्यक्ति तथा प्रभाभित परिवार, महिला सहकारीका सदस्यहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु | सालवसाली | ४१९१ | विपन्न महिला, अपांगता भएका व्यक्ति, एकल महिला, महिला सहकारी र महिला समेत बार्षिक ५०० जना स्वरोजगार हुने तथा लाभान्वित हुनेछन् । |
| ३ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक संरक्षण तथा सशक्तीकरण कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुर्याउनु | सालवसाली | ५४४७७ | बार्षिक ३०० जना महिला लाभान्वित हुनेछन् । |
| ४ | संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित अन्य कार्यक्रम | विकास तथा सेवा प्रवाह प्रक्रियामा महिला, बालबालिका र पिछडिएको वर्गको सहभागिता र अपनत्व वृद्धि गर्नु | सालवसाली | १६७६२ | शासन प्रक्रियामा महिला, बालबालिका तथा पिछडिएको वर्गको सहभागितामा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ४.४.९ जोखिम तथा अनुमान

यस उपक्षेत्रसँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन र समयानुकुल नीतिगत परिमार्जन जस्ता विषयहरु सम्बोधन गर्दै जानुपर्ने देखिन्छ । यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

नगरमा रहेका युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गर्ने अवसर नगरसँग रहेको देखिन्छ। तसर्थ नगरपालिकाले दमकलाई सिर्जनशील, स्मार्ट र समुन्नत शहरका रूपमा विकास गर्न युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुदप्रति आकर्षित गर्नु आवश्यक छ ।

### ४.५.२ समस्या तथा चूनौति

युवा वेरोजगारी र वैदेशिक रोजगारीमा आक्रर्षण युवा तथा खेलकुद क्षेत्रका मुख्य समस्याहरु हुन् । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आक्रर्षण रहेको छैन । विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एक आपसमा सामञ्जस्यको अभाव छ। खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतिपूर्ण रहेको छ ।

### ४.५.३ सोच

“युवाको सिर्जनशीलता र सर्वाङ्गिण विकास”

### ४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।

२. नगरलाई व्यावसायिक खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्नु ।

### ४.५.५ रणनीति

१. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

२. युवाहरूलाई विश्वस्तरमा भइरहेका नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने ।

३. नीति, कानून तथा संरचना र विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने ।

४. खेल गतिविधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| संस्थागत क्षमता अभिवृद्धि | संख्या | | | ४ | ८ | १२ |
| सहकार्य अभिवृद्धि | संख्या | | | ३ | ५ | ७ |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | २ | १० | १२ | १५ | १५ |

### ४.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १७०९१ | ८५४५ | ८५४५ | ० | १२७४५ | १९२० | २४२५ | ० |
| २०८०/८१ | १८९१७ | ९४५९ | ९४५९ | ० | १४००० | २२०० | २७१८ | ० |
| २०८१/८२ | २०७९७ | १०३९८ | १०३९८ | ० | १५३५६ | २३९२ | ३०४९ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ५६८०५ | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था र यससँग सम्बन्धित निकायको संस्थागत विकास र जनशक्ति व्यवस्थापन हुनेछ । आवश्यक पूर्वाधारको विकास र खेलाडीलाई प्रोत्साहन हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

दमक नगरपालिका मुख्य रुपमा आवासीय र सेवा-व्यावसायिक र त्यसपछि औद्योगिक र व्यावसायिक कृषि उन्मुख रहेको छ। नगरको मूल बस्ती तथा व्यावसायिक वडाहरू १, ५, ६, ७ र ८ मा जनसंख्या, शहरीकरण र बजारीकरण बढ्दो रुपमा छ । बाँकी वडाहरूमा खाली जमिनको उचित प्रयोग, योजनाबद्ध भौतिक/सामाजिक सेवा प्रवाह, कृषि एवं उद्योगको व्यवस्थापन र अन्य वडाबाट बिस्तार भइरहेको शहरीकरण नियन्त्रण गरी आफ्नै पहिचान कायम राख्ने सम्भावना छ । हाल नगरमा भूमिको अवैज्ञानिक प्रयोग र असुरक्षित बसोबास/भू-प्रयोग विद्यमान छ। यसलाई मिलाउन एकातिर भौतिक र सामाजिक जटिलता छन् भने अर्कातिर जग्गाको कित्ता सम्बन्धी समस्या पनि सामना गर्नुपर्ने अवस्था छ । नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिका/गाउँपालिका बिच केही सीमानाका अष्पष्टता रहेका छन् ।

### ५.१.२ समस्या तथा चूनौति

यस नगरमा नदी कटानको ठूलो समस्या रहेको छ। साथै शहरी सेवा ब्यवस्थित गर्न आवश्यक पर्ने आधुनिक विधिमा आधारित घर नम्बर प्रणाली कायम गर्न सकिएको छैन। भवन निर्माण स्वीकृति प्रक्रिया तथा अभ्यासमा नगरले आवश्यक सुधार गर्दै आएको भए पनि कागजी प्रक्रियामा आधारित नक्सा पास प्रक्रियालाई विद्युतीय माध्यमद्वारा अगाडी बढाउन बाँकी रहेको छ । सडक, विद्युत, खानेपानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी जस्ता नगर अन्तर्गतका विभिन्न इकाई तथा बाह्य सेवा प्रदायक निकायसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने electronic building permit system कार्यान्वयनमा आउन सकेको छैन । ऐलानी, सार्वजनिक, सरकारी र जोखिमयुक्त जग्गामा सुकुम्बासीहरूको बसोबास रहेको छ । वैज्ञानिक भू-उपयोगमा आधारित र आधारभूत शहरी मापदण्ड अनुकुल आवास व्यवस्थापन यस क्षेत्रका प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

### ५.१.३ सोँच

"सुव्यवस्थित शहरी पूर्वाधारयुक्त हरित र सुरक्षित दमक"

### ५.१.४ उद्देश्य

१. भू-उपयोग अभ्यास आत्मसात गरी नगर विकास र शहरी व्यवस्थापनलाई वैज्ञानिक भू-उपयोगमा आधारित तथा आवास व्यवस्थापनलाई शहरी मापदण्ड अनुकुल बनाउनु ।

२. जग्गा विकासका परियोजना क्षेत्रहरूको पहिचान गरी जग्गा एकीकरणका योजनाहरूको सुरुवात गर्नु ।

### ५.१.५ रणनीति

१. नगरपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS आधारमा अद्यावधिक/परिमार्जन गर्ने,

२. नगरपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रुपमा संकलन तथा अद्यावधिक/परिमार्जन गर्ने ।

३. नगरपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्ने ।

४ नगरमा रहेको भू-उपयोग असमाञ्जस्यता हटाउने ।

५ पूराना पूर्वाधारको उपयुक्त व्यवस्थापन र प्रभावकारी पुनर्स्थापना गर्ने ।

६ नगरपालिकाले भू-उपयोग योजनालाई निरन्तर अद्यावधिक गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| भवन अनुमति प्राप्त भवन र संरचनाको थप तथ्याङ्क संकलन (जस्तैः संरचनागत प्राविधिक उपकरण, विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदि) | प्रतिशत | ४८ | ५० | ५५ | ६० | ६५ |
| इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणाली (Electronic Building Permit System) मा आधारित एकीकृत स्वीकृति प्रणाली (Integrated Building Permit System) कार्यान्वयनमा प्रगति | प्रतिशत | १० | ५० | १०० | १०० | १०० |
| भवन अनुमति नभएको भवन र संरचनाहरूलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (कच्ची घर समेत) | प्रतिशत | ६० | ७५ | ८० | ८० | ८५ |
| घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचनाहरू | प्रतिशत | १०० | १०० | ८० | ६० | ४० |
| छरिएका बस्ती एकीकरण प्रगति स्थिति | प्रतिशत | | २० | २५ | ३० | ३५ |
| भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटको उपलब्धता-प्रति परिवार एक आवासको प्रक्षेपणले | संख्या | | ८०० | १००० | १२०० | १४०० |
| आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरुपता ल्याउने कार्य | प्रतिशत | | २५ | ३० | ३५ | ४० |

### ५.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९१०५६ | २२७६ | ८८७८० | ० | ३१८६३ | ५६७६८ | २४२५ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १००७८८ | २५२० | ९८२६८ | ० | ३४९९९ | ६३०७१ | २७१८ | ० |
| २०८१/८२ | ११०८०२ | २७७० | १०८०३२ | ० | ३८३८९ | ६९३६३ | ३०४९ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुहाट पसल कवल निर्माण | नगरका ब्यवसायीलाई ब्यापारमा अवसर दिन | २०७८/७९ देखि २०७९/८० सम्म | ५३१०० | पशुहाट पसल कवल निर्माण भई १०० ब्यावसायीहरुलाई सहजता हुनेछ। |
| २ | सपिङ कम्पलेक्स निर्माण | सपिङ कम्पलेक्स निर्माण | | ६०००० | नगरपालिकालाई बार्षिक ५० लाख आम्दानी हुनेछ। |
| ३ | Land Pooling मार्फत जग्गा विकास आयोजना | नमूनाको रुपमा शहरी आवास पूर्वाधार तयार गर्नु | २०७८/७९ देखि २०७९/८० सम्म | १०००० | जग्गा विकास गरी आवास क्षेत्र तयार हुनेछ। |
| ४ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | ३०२६४६ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ। |

### ५.१.९ जोखिम तथा अनुमान

भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

पूर्व पश्चिम राजमार्गसँग जोडिएको नगरपालिका भएकोले तुलनात्मक रुपमा यस नगरको सडक सञ्जालको अवस्था राम्रो रहेको छ। २५ प्रतिशत भन्दा बढी घर कालोपत्रे सडकमा जोडिएका तथा ८५ प्रतिशत भन्दा बढी घर १४ फिट भन्दा बढी चौडाई रहेको सडकसँग जाडिएका छन्। नगरको मुख्य शहरी क्षेत्रका सडकको निश्चित चौडाईसहितको आधारभूत पूर्वाधारयुक्त रहेका छन्। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको छ। नगरपालिकाको सडकमार्ग राम्रो भएका रुटहरूमा टेम्पो, इरिक्सा, जिप लगायत विभिन्न प्रकारका सवारी साधन सञ्चालनमा रहेका छन्। यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्ची सबै प्रकारका सडकहरू रहेका छन्। नगरपालिकाको धेरै क्षेत्र सुगम रहेको कारण सडक तथा यातायातको सुविधा तुलनात्मक रुपमा राम्रो रहेको छ। संविधानले स्थानीय सरकारलाई दिएको अधिकार प्रयोग गरी धेरै नगरवासीको साझा हितका सडक निर्माण र स्तरोन्नती, सवारी सञ्चालन अनुमति वा नगर बस सञ्चालनको माध्यमबाट नगरले नगरवासीको यातायात र ढुवानीको पहुँचमा सुधार गर्न सक्ने अवसर नगरलाई छ। नगरसँग रहेको यातायात गुरुयोजनालाई आधार बनाएर यातायातको पूर्वाधार निर्माणको प्राथमिकता निर्धारणमा आम सहमति कायम गरी अघि बढ्ने अवसर समेत छ।

### ५.२.२ समस्या तथा चूनौति

सडक सञ्जाल राम्रो रहेता पनि अझै ७ प्रतिशत घर र केही टोल सडक सञ्जालको प्रत्यक्ष सम्पर्कबाट बाहिर रहेका छन। अधिकांश सडक ग्रावेल वा कच्ची अवस्थामा रहेको तथा स्थानीय बस सेवा सञ्चालन नभएकोले कतिपय नगरवासीले यातायातको समस्या महशुस गरेका छन्। सडकमा सडकपेटी, लेन, नाला, कल्भर्ट आदि व्यवस्थापनका अधिकांश कार्य बाँकी रहेको छ। नालाको पानीको प्रभावकारी व्यवस्थापन हुन नसक्दा वर्षाको समयमा यातायात सञ्चालनमा यसबाट पनि नकारात्मक प्रभाव पर्ने गरेको छ।

साझा अधिकारमा रहेका दुविधालाई संघीय वा प्रदेश कानुनले प्रष्ट नपारिसकेको सन्दर्भमा संविधान र संघीय कानुन अनुकुलको सडक र सार्वजनिक यातायात सम्बन्धी स्थानीय ऐन, नियमावली तथा निर्देशिका बनाई सो को कार्यान्वयन गर्ने चुनौती यस नगरलाई छ। नगरले सडक मापदण्ड निर्धारण गरेको भए पनि कतिपय स्थानमा सडक मापदण्ड बनाउनु अघि नै बनेका घर लगायत संरचना तथा ऐलानी जग्गाको उपयोगमा रहेका अस्पष्टताले मापदण्ड कार्यान्वयन गरी सबैतिर न्यूनतम चौडा र सेटब्याकसहितको नगर सडक निर्माण चुनौतीपूर्ण देखिन्छ। यातायात गुरुयोजना अन्तर्गतका कार्यक्रम नगरका तर्फबाट कार्यान्वयन गर्नका लागि चाहिने आर्थिक तथा प्राविधिक स्रोत जुटाउने र त्यसलाई निरन्तरता दिने चुनौती पनि छ। ७५ प्रतिशत घरलाई जोड्ने कच्ची वा ग्रावेल सडकलाई पक्की सडकमा रुपान्तरण गर्नु र सडकले नछोएका घरलाई सडक छेउ वा सडकलाई घरछेउ लगेर कम्तीमा आपत्कालीन सेवा घरदैलोमा पुग्ने वातावरण बनाउनु चुनौतीपूर्ण छ। नगरको सडक सञ्जाललाई लेन निर्धारण, सवारी चिन्ह तथा संकेतको व्यवस्थापन आदि काम खासै नभएको अवस्थामा आवश्यक पूर्वाधारसहित सडक र सवारी सुरक्षाका पर्याप्त प्रबन्ध गरी शहरी यातायात व्यवस्थापनलाई चुस्त बनाउने चुनौती पनि रहेको छ। बढ्दो शहरीकरणसँगै थपिने सवारी साधनका लागि पर्याप्त पार्किङ स्थलको व्यवस्थापन गर्ने चुनौती छ।

### ५.२.३ सोँच

"दिगो, भरपर्दो र सुरक्षित यातायातका पूर्वाधार र सेवाको पहुँच"

### ५.२.४ उद्देश्य

१. यातायातका पूर्वाधार र सेवाको सुधार र विस्तार गरी नगरका सबै क्षेत्रमा उपयुक्त पूर्वाधारसहितको स्थानीय यातायात सेवा उपलब्ध गराउनु।

२. एकीकृत शहरी विकास तथा नगर यातायात पूर्वाधार निर्माण गर्नु।

### ५.२.५ रणनीति

१. यातायात सेवामा सबैको सहज पहुँच हुने गरी पूर्वाधार र सेवा व्यवस्थित गर्ने।

२. यातायात क्षेत्रका कार्यक्रम सञ्चालन गर्दा नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनिकरणको सवाल सम्बोधन गर्ने।

३. सडक निर्माण गर्दा भू-उपयोग योजनासँग सामञ्जस्यता कायम गर्ने।

४. यातायातका पूर्वाधार निर्माण गर्दा लागत प्रभावकारी विधि अवलम्बन गर्ने ।

५. नगरका सडक र यातायातलाई सुरक्षित बनाउन संरचनागत र गैरसंरचनागत विधिहरू अवलम्बन गर्ने।

६. यातायात सेवा प्रवाहमा नगरको क्षमता अभिवृद्धि गर्ने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| दिगो, भरपर्दो र सुरक्षित यातायात पूर्वाधारको पहुँचमा रहेका परिवार | प्रतिशत | - | ३५ | ४१ | ४७ | ५३ |
| समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी | प्रतिशत | - | ५० | ५२ | ५५ | ५७ |
| सडक सञ्जालमा जोडिएका घरधुरी | प्रतिशत | - | ९५ | ९६ | ९७ | ९८ |
| कालोपत्रे सडकमा आवद्ध घरधुरी | प्रतिशत | - | ३० | ३५ | ४० | ४५ |
| ग्रावेल सडकमा आवद्ध घरधुरी | प्रतिशत | - | ५० | ४६ | ४३ | ४० |
| धुले सडकमा आवद्ध घरधुरी | प्रतिशत | - | २० | १९ | १८ | १७ |
| कालोपत्रेको सडकको लम्बाईमा थप | कि.मि. | - | ३० | ४५ | ६० | ७५ |
| धुले सडक स्तरोन्नति वा नयाँ थप हुने ग्रावेल सडकको लम्बाई | कि.मि. | - | ४० | ५५ | ७० | ८५ |
| यातायात सम्बन्धी आवश्यक नीति तथा कानुन निर्माण | संख्या | - | ५ | ६ | ६ | ७ |
| पूर्वाधारयुक्त नगर चक्रपथ संख्या | संख्या | - | १ | १ | १ | १ |
| साइकल ट्रयाक लम्बाई | किमि | - | ० | १ | २ | २ |
| ट्राफिक लाइटसहितको चोक व्यवस्थापन | संख्या | - | २ | २ | २ | २ |
| बसपार्क बाहेक निर्धारित पार्किङ स्थल | संख्या | - | ३ | ४ | ५ | ५ |
| सघन बस्ती क्षेत्रमा पक्की सडक पेटी | किमि | - | २५ | ३१ | ३७ | ४३ |
| स्थानीय बस सञ्चालन हुने रुटमा यात्रु प्रतिक्षालय सहितको बस बिसौनी | संख्या | - | ५ | ५ | ५ | ५ |
| नगर बसपार्क (लामो तथा छोटो दुरी) | संख्या | - | २ | ३ | ३ | ३ |
| सडक पेटीमा रेलिङको व्यवस्था | संख्या | | १० | १३ | १५ | १८ |

### ५.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २६६१६४ | ५३२३ | २६०८४० | ० | १६८६५७ | ८६८३७ | १०६७० | ० |
| २०८०/८१ | २९४६११ | ५८९२ | २८८७१९ | ० | १८३५०६ | ९९१४८ | ११९५७ | ० |
| २०८१/८२ | ३२३८८२ | ६४७८ | ३१७४०५ | ० | २००७०६ | १०९७५९ | १३४१७ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | हनुमान मन्दिर पूर्व रेडक्रससम्म जाने सडक निर्माण आयोजना | आवतजावत सुलभ बनाउनु | २०७८/७९ देखि ०७९/८० | १९६०० | नगरवासीको आवतजावतमा सुगमता हुनेछ। |
| २ | दमक ताराबारी सडक | आवतजावत सुलभ बनाउनु | २०७८/७९ देखि ०८१/८२ | ६८०००० | नगरवासीको आवतजावतमा सुगमता हुनेछ। |
| ३ | सडक, कल्भर्ट निर्माण र मर्मतसंभार कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | ८८४६५७ | लक्ष्य अनुसारका विभिन्न सडक, नाला तथा कल्भर्ट निर्माण हुनेछन्। |

### ५.२.९ जोखिम तथा अनुमान

विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन्। संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन हुन नसकेमा र उपभोक्ताको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

वि.सं. २०७५ को तथ्याङ्क अनुसार दमक नगरपालिकामा ९८.५९ प्रतिशत परिवार विद्युत सेवाको पहुँचमा रहेका छन्। नगरका ९२.७ प्रतिशत परिवारले आफ्नै घरमा मिटर जडान गरी विद्युत सेवा प्राप्ति र महशुल भुक्तानी गरिरहेका छन्। विद्युतीय पोल तथा तारको व्यवस्थापनमा भने केही समस्या रहेका छन्। सडक तथा घर छेउमा रहेका पोल तथा होचा र पूराना पोल परिवर्तन तथा स्थानान्तरण गर्नुपर्ने आवश्यकता छ। कतिपय स्थानमा ३ फेज लाइन विस्तार गर्नुपर्ने अवस्था छ भने विद्युतका पोलमा टाँगिएका टेलिफोन, टेलिभिजन केबल आदिका कारण शहरी सौन्दर्य घट्नुका साथै जोखिम बढेको अवस्था छ। नगरमा विद्युतलाई बत्ती बाल्ने बाहेक अन्य ऊर्जाको स्रोतका रुपमा सीमित रुपमा मात्र उपयोग गरिएको छ। खाना पकाउने इन्धनको मुख्य स्रोतका रुपमा एलपी ग्याँस उपयोग भएको छ भने करिब १५ प्रतिशतले काठ दाउरा पनि प्रयोग गर्ने गरेका छन्।

### ५.३.२ समस्या तथा चूनौति

विद्युत सम्बन्धी पोल व्यवस्थापन, लाइन विस्तार आदिमा विषयगत निकायसँगको समन्वय चुनौतीपूर्ण छ। वैकल्पिक ऊर्जा सम्बन्धी विषयमा काम गर्न जनशक्ति व्यवस्थापनको विषय समस्याको रुपमा रहेको छ। विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका खासै नहुने हुँदा ग्रामीण क्षेत्रमा विद्युतको आपूर्ति व्यवस्था सुधार र समस्याको तत्काल समाधान गर्नमा नागरिक चाहना अनुसार योगदान गर्नु नगरका लागि चुनौती रहेको छ। अधिकारको सीमितता र प्राविधिक क्षमताको अभावका कारण जोखिमयुक्त विद्युतका पोलहरूको स्थानान्तरण, तारहरूको उचित व्यवस्थापन लगायतमा हुने गरेका ढिलाईको अन्त्य गर्न र समयवद्ध सेवा उपलब्धताको सुनिश्चितता गर्ने चुनौती नगरलाई छ।

### ५.३.३ सोच

"भरपर्दो र पहुँचयोग्य विद्युत सेवा"

### ५.३.४ उद्देश्य

१. विद्युत सेवाको व्यवस्थापनमा नगरको भूमिका व्यवस्थित गर्नु।

२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउनु ।

### ५.३.५ रणनीति

१. जलविद्युत सेवालाई व्यवस्थित र पहुँचयोग्य बनाउन सहयोग, समन्वय र सहजीकरण गर्ने ।

२. जलविद्युत् उत्पादन र वितरण सुदृढिकरण गर्दै हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विद्युत्मा पहुँच भएका जनसंख्या | प्रतिशत | ९५ | ९९ | १०० | १०० | १०० |
| विद्युत्बाट चल्ने सवारी साधन (ईरिक्सा) | प्रतिशत | १० | १२ | १५ | २० | २५ |
| ट्राफिक लाइटसहितको चोक व्यवस्थापन | संख्या | | ४ | ४ | ४ | ५ |

### ५.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४२०३ | ४२० | ३७८२ | ० | ० | ४२०३ | ० | ० |
| २०८०/८१ | ४६५२ | ४६५ | ४१८७ | ० | ० | ४६५२ | ० | ० |
| २०८१/८२ | ५११४ | ५११ | ४६०३ | ० | ० | ५११४ | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उज्यालो दमक निर्माण लगायत उर्जा सम्बन्धी कार्यक्रम | उज्यालो दमक निर्माण गर्नु । | सालबसाली | १३९६९ | नगरको सौन्दर्य अभिबृद्धि हुनेछ । |

### ६.३.९ जोखिम तथा अनुमान

विद्युत आपुर्ति हुन बाँकी धरधुरीका लागि प्रदेश सरकार, संघीय सरकार र सम्बन्धित निकायसँग प्रभावकारी समन्वय हुन सके मात्र विद्युत सेवामा पहुँच सम्बन्धी लक्ष्य हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

सूचना र सञ्चार क्षेत्र विकास प्रक्रियामा जनसहभागिता प्रवर्द्धन लगायत नगरको सेवा प्रवाहको प्रभावकारिता आदिका लागि महत्वपूर्ण पक्ष हो । दुरसञ्चार सेवा नगरको संवैधानिक अधिकारभित्र नरहेको भए पनि टेलिफोन, इन्टरनेट, टेलिभिजन जस्ता सेवा विस्तार प्रवर्द्धन आमनागरिकको सरोकारको विषय भएकोले यो क्षेत्रको विकासमा नगरको भूमिका रहन्छ । स्थानीय एफ.एम. सञ्चालन सम्बन्धी अधिकार संविधानले स्थानीय सरकारलाई दिएको सन्दर्भमा यो भूमिका समेत नगरले निर्वाह गर्नुपर्ने हुन्छ ।

नगर पार्श्वचित्र २०७५ अनुसार दमक नगरपालिकामा ९६ प्रतिशत परिवारसँग एक वा सो भन्दा बढी संख्यामा मोबाइल फोन उपलब्ध रहेको छ । ४४ प्रतिशत परिवारले मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा उपभोग गरिरहेको अवस्था छ । नगरमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ल्याण्डलाइन टेलिफोन सेवाको विस्तार भने पर्याप्त रुपमा भएको छैन । दमक नगरपालिकामा ५ ओटा एफएम रेडियो, १ टेलिभिजन, ५ ओटा पत्रपत्रिका र अनलाइन माध्यमबाट नगरबासीले सूचना पाइरहेका छन् । सूचना तथा सञ्चार सेवा सबै आवासीय तथा व्यवसायिक इकाईको सहज पहुँचमा पुऱ्याउन नगरले प्रवर्द्धनात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ५.४.२ समस्या तथा चूनौती

नगर क्षेत्रमा भइरहेको इन्टरनेट सेवाको विस्तारलाई राजश्व, भवनको नक्सा स्वीकृति लगायत कतिपय सार्वजनिक सेवालाई सूचना प्रविधिमा आधारित बनाउने तथा इन्टरनेट सेवा प्रदायकसँगको सहकार्यमा समुदायमा इन्टरनेटको पहुँच र प्रयोग बढाउने चुनौती नगरलाई छ। नगरको वेभसाइट तथा विभिन्न सामाजिक सञ्जालमार्फत् नगरका अधिकतम सूचनामा नगरबासीको पहुँच बढाउने तथा छपाई लगायतको लागत बचाएर सूचना प्रविधिको थप विकास गर्ने चुनौती छ । इन्टरनेट सेवाको विस्तार र प्रयोगमा सबै नगरबासीलाई अभ्यस्त गराई सेवालाई सूचना प्रविधिमैत्री बनाउने र यसका लागि आवश्यक पर्ने आन्तरिक प्राविधिक क्षमता तयार गर्ने चुनौती पनि नगरलाई छ ।

### ५.४.३ सोच

“सूचना प्रविधियुक्त नगर”

### ५.४.४ उद्देश्य

१. सूचना तथा सञ्चार सेवा विस्तार र व्यवस्थित गर्नु ।

२. सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु ।

### ५.४.५ रणनीति

१. सूचना तथा सञ्चार सेवाको नागरिकको पहुँच विस्तारका लागि सहजीकरण गर्ने ।

२. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नगरमा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ९ | ९ | ११ | १२ | १३ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ३५ | ४० | ५० | ५५ | ६० |

## ५.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७००४ | २८०२ | ४२०३ | ० | ३१८६ | ३८१८ | ० | ० |
| २०८०/८१ | ७७५३ | ३१०१ | ४६५२ | ० | ३५०० | ४२५३ | ० | ० |
| २०८१/८२ | ८५२३ | ३४०९ | ५११४ | ० | ३८३९ | ४६८४ | ० | ० |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधिमैत्रि शासन प्रवर्द्धन सालबसाली कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | २३२८० | कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ । |

## ५.४.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोगको साथै बजेटको सुनिश्चिता र दक्ष मानव संशाधन उपलब्ध हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, वातावरण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

दमक नगरपालिका प्राकृतिक एवं पर्यटकीय दृष्टिकोणले आकर्षक र महत्वपूर्ण मानिन्छ । दमक जलस्रोतका हिसाबले पनि सम्पन्न नगरपालिका हो । नगर क्षेत्र भएर बग्ने रतुवा खोला, मावा, बेतनी आदि प्रमुख नदीहरूमा जलस्रोतका अतिरिक्त गिट्टी र बालुवाको पनि स्रोत हुन् । नगरमा विभिन्न पार्कहरू जस्तैः विज्ञान तथा फन पार्क, शहिद वन बाटिका, रोज पार्क, चन्द्रमा बाल बाटिका, पाथीभरा पार्क समेत रहेका छन् । दमक नगरपालिकामा प्रमुख वनस्पतिका प्रजातिहरूमा मसला, मलेसियन साल, कदम, सिसौ, सिरिस आदि पाइन्छन् । यसैगरी घिस्रने जन्तुहरूमा धामन, तिरिच, घोरगराईच, हरियो काना, सुगा सर्प, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन् भने विभिन्न प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पनि पाइन्छन् । यस नगरपालिकामा हम्से दुम्से, रमा सामुदायिक सेवा तथा प्रकोप व्यवस्थापन समिति र हिमालय गरी जम्मा ३ वटा सामुदायिक वनहरू वन उपभोक्ता समुहहरूलाई हस्तान्तरण गरिएको छ । हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा ६७७ हेक्टर क्षेत्रफल ओगटेको छ । यसबाट ५ हजार भन्दा बढी घरधुरी प्रत्यक्ष⁄अप्रत्यक्ष रूपमा लाभान्वित छन् । यसैगरी नगरमा केही निजी वनहरू पनि रहेका छन् ।

नगरवासीमा जनचेतनाको स्तरका कारण अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक श्रोत, वन्यजन्तु र वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण हुनुका साथै आगामी दिनमा प्राकृतिक सम्पदाहरूको विनाश जस्ता समस्याहरू उत्पन्न हुन नदिन समुदाय आफै अग्रसर हुने तथा नगर समुदाय साझेदारी अघि बढाउने अवसर छ । नगरमा भएका रतुवा खोला र मावा खोलाको सम्भाव्य अध्ययन गरेर वातावरणीय प्रभाव मुल्याकंन गरी सिँचाइका लागि नहर निर्माण नगरका कृषियोग्य जमिनमा सिँचाइको विस्तार गर्न सकिने अवसर रहेको छ । प्राकृतिक वस्तु लगायत अन्य वन पैदावरहरूमा आधारित व्यवसाय एवं नगरपालिकामा भएका वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरू एवं वनस्पतिजन्य उत्पादनबाट उद्योगहरू सञ्चालन गरी नगरमा रोजगारी सिर्जना गर्न सकिने अवसर रहेको छ । यसका साथै निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा प्राकृतिक स्रोत संरक्षणमा कार्यहरू अगाडी बढाई उपलब्धी हाँसिल गर्न सकिने अवसर पनि रहेको छ ।

### ६.१.२ समस्या तथा चूनौति

नगरमा प्राकृतिक सम्पदाहरू प्रशस्त रहेता पनि तिनको संरक्षणले प्राथमिकता पाउन नसक्दा क्रमशः त्यस्ता सम्पदा हराउने अवस्था रहेको छ । नगरभित्र रहेका वन सम्पदाको संरक्षण गर्ने, वनस्पति र वन्यजन्तुको संरक्षण गर्ने, प्राकृतिक स्रोतको अनाधिकृत दोहन नियन्त्रण गर्ने, वनस्पतिजन्य उत्पादनबाट उद्योगहरू सञ्चालन गरी रोजगार सिर्जना गर्नका लागि आवश्यक श्रोत व्यवस्थापन गर्ने, नगरमा रहेका खोला नालाको उचित तटबन्ध गरी नदी किनारमा रहेका बस्ती र खेतीयोग्य जमिनको कटान र डुबानको समस्याबाट जोगाउने, प्राकृतिक श्रोतको उचित व्यवस्थापन गरी नगरको दिगो आयश्रोतको रुपमा विकास गर्ने कार्य प्रमुख समस्याको रुपमा रहेको छ ।

प्राकृतिक श्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्नु एंव जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्नु, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्नु तथा जलस्रोतलाई प्रदुषणमुक्त राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्नु, नगरपालिकाले नगरमा भएका प्राकृतिक स्रोतहरूको प्रयोगबारे गुरुयोजना बनाएर नगरवासीलाई सो अनुरुप यी स्रोतहरूको उपयोग गरी नगरवासीको जीवनस्तर उकास्ने र नगरमा थप रोजगार सिर्जना गर्ने प्रक्रिया अघि बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ६.१.३ सौँच

"प्राकृतिक स्रोतको उपयोग मार्फत् स्थानीय विकास र समृद्धि"

### ६.१.४ उद्देश्य

१. स्थानीयस्तरमा रहेका प्राकृतिक स्रोतको संरक्षण र उपयोगलाई व्यवस्थित गर्नु ।

२. सबै प्रकारका वनहरूलाई व्यवस्थापन गरी वनबाट प्राप्त सेवा, सुविधा, अवसर र पैदावरहरूको समानुपातिक वितरण प्रणालीको विकास गरी सामाजिक न्यायको प्रत्याभूति गर्नु ।

### ६.१.५ रणनीति

१. पर्यटन व्यवसायको विकासमा टेवा पुग्ने गरी वन सम्पदाको उपयोग र व्यवस्थापन गर्ने ।

२. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सामुदायिक वन | संख्या | | ३ | ३ | ३ | ४ |
| पार्क तथा उद्यान | संख्या | | ४ | ४ | ५ | ६ |
| संरक्षित तालतलैया | संख्या | | ३ | ३ | ३ | ४ |
| बृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | | ३ | ४ | ५ | ६ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १४००९ | १४०१ | १२६०८ | ० | ६३७३ | ५२११ | २४२५ | ० |
| २०८०/८१ | १५५०६ | १५५१ | १३९५५ | ० | ७००० | ५७८८ | २७१८ | ० |
| २०८१/८२ | १७०४६ | १७०५ | १५३४२ | ० | ७६७८ | ६३१९ | ३०४९ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | इन्द्रेणी ताल संरक्षण आयोजना | वातावरण संरक्षण गर्नु | २०७७/७८ देखि २०७९/८० | १९७०० | ताल क्षेत्र संरक्षण भएको हुनेछ । |
| २ | वन, हरियाली प्रवर्द्धन तथा भुसंरक्षण सालबसाली कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | ४६५६१ | सामुदायिक वनहरुमा सञ्चालन हुने आयआर्जन तथा जिविकोपार्जनका कार्यहरुमा ५ प्रतिशतले वृद्धि हुनेछ । |

### ६.१.९ जोखिम तथा अनुमान

समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनको असर, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ६.२ फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार नगरपालिकामा तपाईको परिवार बसोबास गरेको स्थान वरीपरीको मुख्य वातावरणीय समस्या के हो भनी सोधिएको प्रश्नमा सबैभन्दा बढी ६,२०९ अर्थात् २७.६७ प्रतिशत परिवारले फोहर व्यवस्थापन नभएको कारण पीडित भएको जवाफ दिएका थिए भने ४,४५० अर्थात् १९.८३ प्रतिशतले वायु प्रदुषण भएको, २,७५५ अर्थात्१२.२८ प्रतिशतले प्रदुषित पानी १,४२८ अर्थात् ६.३६ प्रतिशतले अव्यवस्थित ढल र ८८५ अर्थात् ३.९४ प्रतिशतले ध्वनी प्रदुषणका कारण पीडित भएको उल्लेख गरेका छन् । शहरी विकासका लागि अत्यन्त आवश्यक भौतिक पूर्वाधार मध्ये स्वच्छ पिउने पानी वितरण प्रणालीको निर्माण, ठोस फोहर व्यवस्थापन योजना, ढल निकास, कालोपत्रे सडक ध्वनी नियन्त्रण जस्ता विषय अनिवार्य सर्तहरू हुन् । तसर्थ, नगरपालिकामा व्यवस्थित शहरी विकास योजना निर्माण र त्यसको पूर्ण कार्यान्वयन गर्नुपर्ने आवश्यकता र सम्भावना देखिन्छ ।

### ६.२.२ समस्या तथा चुनौति

बढ्दो वातावरणीय प्रदुषण निराकरणका लागि वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्न आवश्यक दक्ष जनशक्ति तथा पर्याप्त साधन स्रोत उपलब्ध हुन नसक्नु नगरपालिकाको ठूलो समस्या हो । सरसफाई तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन गर्नका निमित्त जनचेतना अभिबृद्धि र ठूलो लगानीको व्यवस्थापन तथा पूर्वाधार संरचनाको दिगो उपयोग यस क्षेत्रको प्रमुख चुनौती हो ।

### ६.२.३ सौँच

### ६.२.४ उद्देश्य

१. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गर्नु ।

### ६.२.५ रणनीति

१. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने ।

२. वातावरण, वनजंगल, जैविक विविधता सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू एवं तालिमहरू नियमित सञ्चालन गर्ने ।

३. फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी आयतन घटाउने अभियान सञ्चालन गर्ने ।

#### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार | प्रतिशत | | | ९० | १०० | १०० |
| सार्वजनिक शौचालय | संख्या | ५ | ५ | ५ | ५ | ६ |
| ठोस फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेका परिवार | प्रतिशत | | ५६ | ३८ | ४० | ४२ |

#### ६.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २०७३३ | १०३६६ | १०३६६ | ० | १२७४५ | ७९८८ | ० | ० |
| २०८०/८१ | २२९४९ | ११४७४ | ११४७४ | ० | १४००० | ८९४९ | ० | ० |
| २०८१/८२ | २५२२९ | १२६१४ | १२६१४ | ० | १५३५६ | ९८७३ | ० | ० |

#### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहोरमैला व्यवस्थापन गर्नु | सालबसाली | ६८९११ | स्वच्छ शहरको रुपमा विकास हुनेछ । |

#### ६.२.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता र जन सहभागिता भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

### ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

#### ६.३.१ पृष्ठभूमि

भौगोलिक सुगमता, तुलनात्मक रुपमा राम्रो यातायात सञ्जाल, शिक्षा, स्वास्थ्य, व्यापारको अवसर र शान्ति सुरक्षा आदिको विश्वसनीयताका कारण दमक नगरपालिकामा बस्तीको सघनता र जनघनत्व क्रमशः बढ्दै गइरहेको छ । यसरी बढ्दो जनघनत्व र बस्ती विस्तार क्रमलाई योजनावद्ध शहरी विकासको मापदण्डमा

आधारित र सुझबुझयुक्त बनाउन नसक्दा नगरपालिकामा विपद्जन्य घटना तथा विपद् जोखिम पनि बढिरहेको छ । पूर्वी, पश्चिमी र दक्षिणी सिमामा रहेका समुदाय तथा बस्तीहरूमा रतुवा र मावा नदीहरूबाट कटान, डुबान र बाढीको प्रकोप रहेको छ । नगरका सबैजसो वडाहरू बाढी डुबानको जोखिममा छन् । नगरले प्लटिङ र बस्ती विकासलाई नियमनको प्रयास गरेता पनि असुरक्षित जग्गा प्लटिङ्ग पनि बाढीजन्य विपद जोखिमका कारणका रुपमा रहेका छन् । यस्तैगरी सुख्खा मौसममा आगलागीका घटनाहरू पनि हुने गरेका छन् । अस्थायी टहरा, टिनका छानाहरू भएका घरहरूमा हावाहुरीको समस्याले गर्दा क्षति हुने सम्भावना पनि अधिक रहेको छ । केही वर्षयता नगरपालिकामा बर्ड-फ्लु र डेंगुका प्रकोपहरू पनि देखिन थालेको छ भने सुरक्षित व्यवहार र पर्याप्त सचेतना नहुँदा झाडापखाला र हैजा जस्ता महामारीको जोखिमबाट पनि नगर मुक्त छैन । पछिल्लो पटक विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ का कारण पनि नगरको जनजीवन नराम्ररी प्रभावित बनेको छ ।

### ६.३.२ समस्या तथा चूनौति

नगरमा भवन बाहेकका अन्य संरचनाको मजबुतिको सुनिश्चितता गर्न सकिएको छैन । भौतिक पूर्वाधार निर्माण गर्दा तथा पूर्वाधार निर्माणका लागि निर्माणका स्थानीय सामग्रीको व्यवस्थापन गर्दा सम्भावित विपद् रोकथामका पर्याप्त उपायहरूलाई अपनाउन सकिएको छैन । वडास्तरमा विपद् व्यवस्थापन समितिले औपचारिक रुपमा गठन गरी क्रियाशील गराउन बाँकी रहेको, सामुदायिक विपद् प्रतिकार्यका संरचना निर्माण गर्न बाँकी रहेको तथा नगर र वडास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना बनाई समुदायस्तरबाट विपद् व्यवस्थापनको सवाललाई मुल प्रवाहीकरण गर्ने प्रक्रियालाई संस्थागत रुपमा अघि बढाउन बाँकी रहेको छ ।

नगरको सीमित स्रोत र साधनलाई पूर्वाधार र सेवामा केन्द्रित हुनुपर्दा विपद् जोखिम न्यूनिकरणका पूर्वाधार तयारीलाई पर्याप्त प्राथमिकता दिन सकिएको छैन । विपद् व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनका लागि नगरभित्र आपत्कालीन कार्य सञ्चालन वा प्रकोप तथा विपद् सम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने इकाई छैन । उद्दार सामग्री, दक्ष जनशक्ति, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन गर्न सकिरहेको छैन । यसका साथै नगरपालिकामा चोरी, डकैती, लुटपाट, कुटपिट आदि शान्ति सुरक्षाको प्रमुख चुनौतिको समाधानका लागि वडामा सुरक्षा संयन्त्रको उपस्थिति रहेको तर प्रभावकारी नभएको जसका कारण नगरमा अपराधिक गतिविधि एवं लागुऔषध दुर्व्यसनीको समस्या बढिरहेको छ । नदी नियन्त्रण र बाढी नियन्त्रण यस नगरपालिकाको निमित्त यस उपक्षेत्रको प्रमुख चुनौती हो ।

### ६.३.३ सोँच

“प्रकोप व्यवस्थापनमा सक्षम, सुरक्षित र नगर”

### ६.३.४ उद्देश्य

१. नगरको विपद् तथा आपत्कालीन सेवालाई प्रभावकारी बनाउनु ।

२. नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् तथा आपत्कालीन व्यवस्थापनका आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।

२. विपद्को प्रकृति अनुसार विशिष्टीकृत पूर्वाधारको व्यवस्था गर्ने ।

३. अग्नी नियन्त्रण सेवाको सुदृढीकरण गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सुरक्षित भवन | संख्या | | १ | ३ | ४ | ५ |
| वारुणयन्त्र | संख्या | | ३ | ३ | ३ | ३ |
| फायर स्टेशन (अग्नी नियन्त्रक यन्त्रमा पानी भर्ने बिन्दु व्यवस्थापन) | संख्या | | १ | १ | १ | १ |
| आपत्कालीन निकास द्वारसहितका संस्थागत भवन | संख्या | | १ | २ | | |

### ६.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७००४ | ३५०२ | ३५०२ | ० | ६३७३ | ६३२ | ० | ० |
| २०८०/८१ | ७७५३ | ३८७६ | ३८७६ | ० | ७००० | ७५३ | ० | ० |
| २०८१/८२ | ८५२३ | ४२६२ | ४२६२ | ० | ७६७८ | ८४५ | ० | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | २३२८० | विपदबाट हुने क्षतिमा वार्षिक ३० प्रतिशत कमी आउनेछ । |

### ६.३.९ जोखिम तथा अनुमान

आवश्यक यन्त्र, उपकरण र श्रोत साधनको उपलब्धता भएमा अपेक्षित उपलब्धि हासिल हुनेछ । जलवायु परिवर्तनको असर, कोभिड १९ लगायतका महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण यस उपक्षेत्रको लक्ष्य प्राप्त नहुने जोखिम हुन सक्दछन् ।

# परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नगरपालिकाले कार्य सम्पादनको लागि आवश्यक पर्ने विभिन्न ऐन तथा नीति नियमहरु तयारी तथा प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसका साथै सूचनाको हक सम्बन्धी ऐनको प्रावधान कार्यान्वयनका लागि सूचना अधिकारीको व्यवस्था, नगरका निर्णय तथा जानकारी सार्वजनिकीकरण गर्नका लागि प्रवक्ताको व्यवस्था, विभिन्न प्रतिवेदनहरूको सार्वजनिकीकरणको अभ्यास आदि मार्फत् पारदर्शिता प्रवर्द्धनको प्रयास पनि नगरले गरेको छ । नगरको प्रशासन संयन्त्रलाई जवाफदेही बनाउनका लागि बायोमेट्रिक हाँजिरी लगायतका प्रशासनिक सुधारका विधि पनि नगरले अवलम्बन गरिरहेको छ ।

### ७.१.२ समस्या तथा चूनौति

यी सबै अभ्यासका बावजुत सूचनाको पूर्ण कार्यान्वयनका लागि आवधिक रुपमा सूचनाको स्वतः खुलासा, वार्षिक र आवधिक प्रतिवेदनहरूको समयवद्ध सार्वजनिकीकरण, नगर कार्यपालिका, बोर्ड तथा नगर सभाका निर्णय डिजिटाइज गरी सार्वजनिकीकरण जस्ता पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका अभ्यासमा थप सुधारको आवश्यकता महशुस गरिएको छ। नागरिकले महशुस गरेका सेवा प्रवाहका कार्यविधिगत जटिलता हटाई विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नगरले प्रवाह गर्ने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आमनागरिकमा सुशासनयुक्त स्थानीय शासनको अनुभूति दिलाउनु चुनौतीपूर्ण छ ।

### ७.१.३ सोँच

“सबल, पारदर्शी र जवाफदेही नगर”

### ७.१.४ उद्देश्य

१. स्थानीय शासनको हरेक प्रक्रियालाई पारदर्शी, जवाफदेही र सहभागितामुलक बनाउनु ।

### ७.१.५ रणनीति

१. नगरको शासकीय अभ्यासको पारदर्शिता अभिवृद्धि गर्ने ।

२. स्थानीय विकास प्रक्रियालाई थप सहभागितामुलक बनाउने ।

३. सामाजिक जवाफदेहिता प्रवर्द्धनका विधिहरूको कार्यान्वयन गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगर बृहत् योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | | | | | |

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. नीति | संख्या | २ | २ | ३ | ४ | ५ |
| २. ऐन | संख्या | २० | २४ | २५ | २७ | २७ |
| ३. नियम तथा विनियम | संख्या | ६ | ८ | ९ | ९ | १० |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | १८ | २४ | २६ | २८ | ३० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | | २ | १६ | १६ | १६ |

### ७.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २८०२ | २५२२ | २८० | ० | २८०२ | ० | ० | ० |
| २०८०/८१ | ३१०१ | २७९१ | ३१० | ० | ३१०१ | ० | ० | ० |
| २०८१/८२ | ३४०९ | ३०६८ | ३४१ | ० | ३४०९ | ० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानुन सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | ९३१२ | सेवा प्रवाहका लागि आवश्यक नीति, कानून तथा कार्यविधि उपलब्ध भएको हुनेछ । |

### ७.१.९ जोखिम तथा अनुमान

संविधान र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

यस नगरपालिकामा एकीकृत सेवासहितको नगर कार्यपालिकाको कार्यालय, १० ओटै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय र स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको छ । नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ ।

### ७.२.२ समस्या तथा चूनौति

सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन संस्थागत संरचना, मानव स्रोत र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवम् मूल्यांकन पद्धतिलाई वैज्ञानिक र व्यवस्थित गराउन चुनौतीपूर्ण छ । जनशक्तिको परिचालन तथा नगरको सेवा प्रवाह गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन ।

### ७.२.३ सोँच

"पारदर्शी, जनउत्तरदायी र सदाचारयुक्त सेवा प्रवाह"

### ७.२.४ उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु ।

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने ।

२. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने ।

३. थप कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नगरमा कार्यरत मानव संशाधन | संख्या | ११७ | ११७ | १२० | १२५ | १२५ |
| नगर कार्यरत प्राविधिक जनशक्ति | संख्या | ५२ | ५२ | ६० | ६९ | ७५ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० |

### ७.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १९२६१८ | १८२९८७ | ९६३१ | ० | १९२६१८ | ० | ० | ० |
| २०८०/८१ | २१३२०५ | २०२५४५ | १०६६० | ० | २१३२०५ | ० | ० | ० |
| २०८१/८२ | २३४३८८ | २२२६६९ | ११७१९ | ० | २३४३८८ | ० | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ६४०२११ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भएको हुनेछ । |

### ७.२.९ जोखिम तथा अनुमान

सङ्गठन र क्षमता विकासका कार्यक्रमहरु निरन्तर कार्यान्वयन भएमा अपेक्षित नतिजा हासिल हुनेछ । अन्यथा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहनेछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

नगरपालिकाले राजस्व सुधार कार्ययोजना तर्जुमा गरी सो को सुझाव तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गर्ने गरिएको छ । नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ ।

### ७.३.२ समस्या तथा चूनौति

नगरपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ ।

### ७.३.३ सोच

“सुदृढ र व्यवस्थित स्रोत परिचालन”

### ७.३.४ उद्देश्य

१. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु ।

### ७.३.५ रणनीति

१. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने ।
२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/८९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | | - | ३५०००० | ३८५००० | ४२३५०० |
| कुल बार्षिक बजेट | रु.हजारमा | | - | १४००८६१ | १५५०५८४ | १७०४६४४ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | | - | १०० | १०० | १०० |

### ७.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १४०१ | ११२१ | २८० | ० | १४०१ | ० | ० | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | | |
